प्रधानलाई लाइफ टाइम... पृष्ठ ६

लोकप्रिय राष्ट्रिय दैनिक

राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं

। वर्ष १५, अंक १२३, काठमाडौं, बिहीबार २ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Thursday 24 December 2015 । पृष्ठ : ८ मूल्य रु. ५/-

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

ग्राहक बन्नु परेमा

नवीकरण गर्नु परेमा

ठेगाना परिवर्तन भएमा

र पत्रिका नियमित नआए

सिधा सम्पर्क 5546300, विज्ञापन १० बजे देखि ५ बजेसम्म Ext: 112, 108

सुशीललाई उम्मेदवार बनाउन कोइराला क्याम्प सक्रिय

पौडेलले चुनाव हार्ने र देउवाले पार्टी कब्जा गर्ने निष्कर्ष

भुवन शर्मा/राजधानी
काठमाडौं, ८ पुस

आगामी फागुनमा हुन लागेको नेपाली कांग्रेसको १३औं महाधिवेशनमा सुशील कोइरालालाई नै सभापतिमा उम्मेदवारी दिन लगाउने तयारी सुरु भएको छ। कोइरालाले सभापतिमा उम्मेदवारी नदिए कांग्रेस पार्टी वरिष्ठ नेता शेरबहादुर देउवाको कब्जामा जाने निष्कर्ष निकाल्दै कोइराला क्याम्पका नेताहरू र कोइराला परिवार सुशीललाई पुनः सभापतिमा उम्मेदवारी दिन दबाव दिन थालेका हुन्।

सभापतिमा उम्मेदवारी दिने कि नदिने भन्ने विषयमा कोइरालाले अहिलेसम्म केही बोलेका छैनन्। १२औं महाधिवेशनमा एक पटकका लागि मात्रै सभापति हुने भन्दै भोट मागेका कारण पुनः उम्मेदवार बन्दा हार्ने त्रासमा कोइराला छन्। तर, उनलाई सभापति लडाएरै छाड्ने गृहकार्य कोइराला क्याम्पबाटै दबाव बढेको हो। यद्यपि, कोइरालाले भने भेटुन आउने नेताहरूसंग पनि आफ्नो उम्मेदवारीबारे केही बोलेका छैनन्। तर, केही दिनयता उनले केन्द्रीय र जिल्लाका नेताहरूसंग भेटघाट सुरु गरेका छन्। कोइराला निकट नेताहरूले भने उनले सभापतिमा उम्मेदवारी दिने बताएका छन्। कोइराला निकट एक नेताका अनुसार सभापतिमा उम्मेदवारी घोषणा गर्दा उनले पुनः उम्मेदवारी दिनुको औचित्य पुष्टि गर्ने भएका छन्। पुनः उम्मेदवारी दिंदा उनले आफ्नो नेतृत्वमा सफलतापूर्वक नेपालको संविधान जारी गरेको आधार प्रस्तुत गर्नेछन्। यसैगरी, प्रधानमन्त्रीमा उम्मेदवारी दिंदा तराई

मधेसमा आन्दोलन गरिरहेको मधेसी मोर्चा संसदमा आई मोर्चाले नेपालको संविधानलाई स्वीकार गरेको प्रसंगलाई कोइराला निकट नेताहरूले उठाउने भएका छन्। यसैगरी, संविधानसभाको चुनावमा कांग्रेस पहिलो पार्टी भएको जस पनि कोइरालाकै कांधमा हाल्ने उनी निकटको योजना छ।

'अघिल्लो महाधिवेशनमा एक पटकका लागि मात्रै भने पनि यी सबै उपलब्धिका कारण फेरि सभापति बन्पर्छ भन्ने हाम्रो निष्कर्ष हो,' सुशील निकट एक नेताले भने। कोइरालाको नेतृत्व सफल भएकै कारण जिल्ला तहबाट पुनः सभापतिका लागि चर्को दबाव आएको परिवारको दावी छ।' विभिन्न जिल्लाका कार्यकर्ताहरूबाट तपाईको नेतृत्वमा नेपालको संविधान जारी भएकाले पार्टी सभापतिमा पनि तपाई नै हुनुपर्छ, अरूलाई छाड्नुहुन्न भन्ने व्यापक दबाव आइरहेको छ,' कोइरालाले सभापतिमा उम्मेदवारी दिने खुलासा गर्दै कोइराला क्याम्पकी सदस्य मृदुला कोइरालाले *राजधानीसंग* भनिन्। स्रोतका अनुसार कोइराला क्याम्पबाट दिलेन्द्रप्रसाद बडु, दिलबहादुर घर्ती, आनन्द बुंगाना, डा. मीनेन्द्र रिजाललगायतका नेताहरूले अहिले देशभरको स्थिति अध्ययन गरिरहेका छन्।

आगामी माघको तेस्रो साताभित्र जिल्ला अधिवेशन र क्षेत्रीय अधिवेशन सम्पन्न हुँदै छ। क्षेत्रीय र जिल्ला अधिवेशनबाट निर्वाचित हुने महाधिवेशन प्रतिनिधिहरूको अवस्था अध्ययन गरेर कोइरालाले औपचारिक रूपमा उम्मेदवारी दिने तयारी गरेको स्रोतको भनाइ छ। त्यसबेलासम्म उनले औपचारिक रूपमा केही नबोले्न भएका छन्। 'हामीले उहाँको उम्मेदवारीका बारेमा भन्नुभन्दा उहां आफैले उम्मेदवारीबारे घोषणा गर्नु उपयुक्त हुन्छ,' कोइराला निकट एक केन्द्रीय सदस्यले *राजधानीसंग* भने।

सुशील कोइरालाले सभापतिमा उम्मेदवारी नदिए उपसभापति रामचन्द्र पौडेलले चुनाव जित्न नसक्ने निष्कर्ष कोइराला क्याम्पका सदस्यहरूको छ। पौडेलले कोइराला परिवारको उत्तराधिकारी भएर काम गर्न नसक्ने निष्कर्षसमेत रहेको छ। उता, पौडेलले सभापतिमा उम्मेदवारी दिने व्यापक तयारी सुरु गरेका छन्। उनले सभापतिमा उम्मेदवारी दिने भन्दै देश दौडाहासमेत थालिसकेका छन्। स्रोतका अनुसार पौडेललाई प्रधानमन्त्रीको प्रतिबद्धता जनाएर या पार्टीको विधानमा नै संशोधन गरेर एक बरिष्ठ उपसभापति पद सिर्जना गरी चित्त बुझाउन सकिने बुझाइ कोइराला क्याम्पको छ। पौडेलले भने आफू कुनै पनि अवस्थामा पछि नहटने गरी अघि बढिसकेको बताएका छन्।

'सुशील कोइराला सक्रिय राजनीतिबाट तत्कालै बिदा लिने मुडमा देखिनुभएको छैन। सक्रिय राजनीतिमा रहिरहनु भनेको पुनः पार्टी सभापतिमा उम्मेदवारी दिनु हो,' कोइराला निकट अर्का नेताले भने। कोइराला निकट केन्द्रीय सदस्य श्याम घिमिरेले कोइरालाले १३औं महाधिवेशनमा सभापतिमा उम्मेदवारी दिने प्रबल सम्भावना रहेको बताए। 'उहां (सुशील कोइराला) ले १३औं महाधिवेशनमा सभापतिमा उम्मेदवारी दिने प्रबल सम्भावना रहेको छ,' घिमिरेले भने।

संविधान संशोधन प्रक्रिया लम्बियो

तस्बिर : रासस

कांग्रेस र मधेसी मोर्चाको आग्रहमा चार दिन बैठक स्थगित

ईश्वरी सुवेदी/राजधानी
काठमाडौं, ८ पुस

नेपालको संविधानको पहिलो संशोधन विधेयक पारित गर्ने प्रक्रिया लम्बिएको छ। प्रमुख प्रतिपक्षी कांग्रेस र आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा तत्काल विधेयक पारित गर्न अनिच्छुक देखिएपछि संशोधन प्रक्रिया लम्बिएको हो।

कांग्रेसको पटक-पटकको आग्रह र जोडमा गत १ पुसमा टेबुल भएको विधेयक पुनः उसैको आग्रहमा पारित गर्ने प्रक्रिया लम्बिएको हो। ३ पुसमा विधेयकमाथि सार्वजनिक सूचना जारी भएपछि पांच दिन अर्थात् बुधबारसम्म संसद् बैठक स्थगित गरिएकी थियो। सरकारले मोर्चाको माग सम्बोधनका लागि विधेयक छिटो संशोधन गर्न चाहे पनि कांग्रेसले मोर्चासंग छलफल गर्ने निर्णय गरेकाले उसैको आग्रहमा बुधबारका लागि मात्रै संसद् बैठक बोलाइएको थियो। तर, चार दिनको समय व्यर्थै बिताएको कांग्रेसले मोर्चासंग एक पटक मात्रै छलफल गरेर पुनः समय माग गरेपछि अर्को पटक संसद् बैठक स्थगित गरिएको छ।

बुधबारको संसद् बैठकअघि सभामुख ओनसरी घर्ती मगरले प्रमुख तिन दलसहित सात दलका प्रमुख सचेतकसंग छलफल गरेकी थिइन्। छलफलमा कांग्रेस र मधेसी मोर्चामा आबद्ध दलका प्रमुख सचेतकले पुनः चार दिनको समय मागेका थिए। त्यसअनुसार बैठक सुरु भएलगत्तै सभामुख घर्ती मगरले संसद्को अर्को बैठक १२ पुससम्मका लागि स्थगित भएको जानकारी गराएकी थिइन्। तर, मोर्चाले भने संशोधन विधेयकले मधेसको मुद्दा सम्बोधन गर्न नसकेको भन्दै आफ्ना सबै माग प्याकेजमै समेटून पुनः अर्को विधेयक ल्याउनुपर्ने माग गरेको छ।

मन्त्रिपरिषद्को बैठकले मधेसी दलको माग सम्बोधन गर्न गरेको तिनबुंदे निर्णयको भारतले समेत स्वागत गरिसके पनि मोर्चाले भने नयां विधेयक ल्याउनुपर्ने सर्त अघि सारेको हो। संघीय समाजवादी फोरम नेपालका प्रमुख सचेतक शिवजी यादवले मन्त्रिपरिषद् निर्णयको औपचारिक पत्र ढिलो प्राप्त भएकाले साझा धारणा बनाउन समय माग गरिएको जानकारी दिए। तर, सरकारले अघि बढाउन खोजेको विधेयकप्रति मोर्चा सहमत हुने सम्भावना नभएको पनि उनले स्पष्ट पारे। बुधबारको संसद् बैठकमा संशोधन विधेयकमाथिको सैद्धान्तिक छलफल हुन नसक्ने भएपछि सभामुखले विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव मात्र प्रस्तुत गर्न अनुमति दिएकी थिइन्।

कानुनमन्त्री अग्नि खरेल चीन भ्रमणमा गएकाले उनको ठाउंमा उद्योगमन्त्री सोमप्रसाद पाण्डेले विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। सो विधेयकमाथि अब १२ पुसमा बस्ने बैठकमा सैद्धान्तिक छलफल हुनेछ। यसैबिच, नेपालका लागि भारतीय राजदूत रणजित रायले बुधबार सभामुख ओनसरी घर्ती मगरलाई भेटेर संविधान संशोधन विधेयकमाथि चासो राखेका थिए। त्यस क्रममा सभामुख घर्ती मगरले नारावाजीका बिच विधेयक पारित गर्ने प्रक्रिया अघि बढाउने जानकारी दिएकी थिइन्। तर, प्रमुख प्रतिपक्ष कांग्रेससमेत विधेयक अघि नबढाउने पक्षमा उभिएपछि सभामुख आफ्नो अडानबाट पछि हटेकी हुन्। यसअघि कांग्रेसले विधेयक अघि बढाउन भन्दै संसद् बैठक नै अवरुद्ध गरेको थियो।

संविधान संशोधन विधेयक अघि बढाउनुपर्ने भन्दै कांग्रेसले अडान लिएपछि सरकारले मधेसी मोर्चाको असहमतिका बावजुद पुनर्निर्माण विधेयकसंगै संविधान संशोधन विधेयक पनि अघि बढाएको थियो। संविधान संशोधन विधेयक अघि नबढाएको भन्दै संसद् अवरुद्ध गरेको कांग्रेस अहिले भने आफै विधेयक पारित गर्न अनिच्छुक देखिएको हो।

राष्ट्रपतिमाथिको दुर्व्यवहारबारे जवाफ दिन सभामुखको रुलिङ

काठमाडौं/रास- राष्ट्रपति विद्यादेवी भण्डारीमाथि विवाह पञ्चमीको दिन जनकपुरमा भएको दुर्व्यवहारबारे संसद्लाई जानकारी दिन सभामुख ओनसरी घर्ती मगरले सरकारलाई रुलिङ गरेकी छन्।

(विस्तृत पृष्ठ २ मा)

'रसियाली हमलामा दुई सय मारिए'

न्यूयोर्क/एजेन्सी- सिरियामा रसियाले गरेको हवाई आक्रमणमा कम्तीमा पनि २ सय सर्वसाधारण नागरिकको मृत्यु भएको छ। दुई महिनाको अवधि अर्थात् ३० सेप्टेम्बरदेखि २९ नोभेम्बरसम्म भएको हवाई आक्रमणमा सो संख्यामा सर्वसाधारण मारिएको एम्नेस्टी इन्टरेसनलले जारी गरेको एउटा प्रतिवेदनमा उल्लेख छ।

(विस्तृत पृष्ठ ५ मा)

पैले आन्दोलनमा ग'र मर्नु! अनि यो ५० लाखको भुक्तानी मागन आएमा तुरुन्त पाईनेछ..!

किशोरीलाई एसिड छ्याप्ने विकलाई १० वर्ष कैद सजाय

राजधानी समाचारदाता
काठमाडौं, ८ पुस

१० महिनाअघि काठमाडौंको बसन्तपुरमा तिन किशोरीमाथि एसिड छ्याप्ने युवालाई काठमाडौं जिल्ला अदालतले १० वर्ष जेल सजायको फैसला सुनाएको छ। ज्यान मार्ने उद्योगअन्तर्गत चलाइएको मुद्दामा काठमाडौं जिल्ला अदालतका न्यायाधीश हरिप्रताप केसीको इजलासले एसिड हान्ने युवा जीवन विकलाई १० वर्ष जेल सजायको फैसला सुनाएको हो।

१० फागुन २०७१ मा ट्युसन पढ्न गएका किशोरीहरूमाथि बसन्तपुरमा एसिड हानिदा संगीता पुलामी गम्भीर घाइते भएकी थिइन्। एसिड लागेर किशोरीहरू सीमा बस्नेत र हेमु मुखजीको शरीरमा चोट लागेको थियो। काठमाडौंको टोखामा बस्दै आएका जीवनले संगीतासंगको प्रेममा धोका पाएको रिसमा उनलाई लक्षित गर्दै एसिड प्रहार गर्दा सीमा र हेमु पनि घाइते भएका थिए।

एसिड प्रहार गरेपछि उनी अभियोगबाट बच्न भारत गएका थिए। प्रहरीले शंकाको घेरामा राख्दै खोजतलास गरेपछि उनी काठमाडौं फर्केर लुकीछिपी बसेका थिए। काठमाडौं फर्के पनि आफ्ना परिवार र आफन्तलाई आफू भारतमै रहेको भनी झुक्याउँदै आएका जीवनलाई घटनाको २६ दिनपछि प्रहरी पकाउ गर्न सफल भएको थियो। पकाउपछि उनले पुलामी परिवारले आफ्नो परिवारमाथि गरेको घृणा र तिरस्कार सहन नसकेर एसिड प्रहार गरेको बयान दिएका थिए। उनले संगीतासंग आफ्नो गहिरो प्रेम रहेको बताए पनि पुलामी परिवारले भने त्यसलाई अस्वीकार गर्दै आएको छ।

प्रहरीले जीवनमाथि ज्यान मार्ने उद्योगमा मुद्दा चलाएपछि ३ वैशाखमा काठमाडौं जिल्ला अदालतको आदेशमा उनी जेल चलान भएका थिए। आदेशलगत्तै उनलाई केन्द्रीय कारागारमा चलान गरिएको थियो। जीवनको एसिड प्रहारबाट गम्भीर घाइते भएकी संगीताको लामो समयसम्म काठमाडौं मेडिकल कलेजमा उपचार भएको थियो।

शून्यमा झऱ्यो उपत्यकाको तापक्रम

राजधानी समाचारदाता
काठमाडौं, ८ पुस

दुई सातादेखि घट्दै गएको काठमाडौं उपत्यकाको तापक्रम बुधबार बिहान शून्यमा झरेको छ। बुधबार बिहान पौने ९ बजे जल तथा मौसम पूर्वानुमान महाशाखले उपत्यकाको तापक्रम शून्य दशमलव ९ डिग्री सेन्टिग्रेड मापन गरेको हो।

'बुधबार बिहान मापन भएको शून्य दशमलव ९ डिग्री सेन्टिग्रेड तापक्रम दुई वर्षदेखिकै सबैभन्दा कम हो,' महाशाखाका मौसमविद् शान्ति कंडेलले भनिन्, 'सन् २०१४ को तुलनामा यो वर्ष धेरै चिसो भएको छ र अझै चिसो बढ्न सक्नेछ।'

महाशाखाका अनुसार गत वर्ष न्यूनतम १ दशमलव ४ सेन्टिग्रेड तापक्रम मापन गरिएको थियो। मौसमविद्हरूले यो वर्ष चिसो कम हुने पूर्वानुमान गरेको भए पनि बुधबार दुई वर्षयताकै सबैभन्दा चिसो मापन गरिएको हो।

'विगतका वर्षहरूको मौसमको अवस्था र अहिलेको अवस्थालाई तुलनात्मक अध्ययन गर्दा यो वर्ष हिउँदे वर्षा नभएका कारण पनि चिसो अझै बढ्दो मात्रामा छ,' मौसमविद् कंडेलले भनिन्, 'यो वर्ष तत्काल वर्षा हुने सम्भावना नभएपछि माइनसमा नै तापक्रम झर्ने सम्भावना छ।'

उपत्यकामा अहिलेसम्म माइनस २ दशमलव ४ डिग्रीसम्म तापक्रम झरेको तथ्यांक छ।

आठ महिनासम्म पनि भूकम्पपीडितले पाएनन् रकम

दिनेश थापा/राजधानी
सिन्धुपाल्चोक, ८ पुस

बिनाशकारी भूकम्पमा तिन वर्षको छोरा गुमाउनुको पीडा छ, महांकाल गाउं विकास समिति-२ का शंकर तामाङसंग। भूकम्पमा गुमाएको नाबालक छोरालाई उनी बिस्तारै भुल्दै छन्। तर, पटक-पटक त्यही छोराको नाममा राहत रकमका लागि सदरमुकाम धाउनुपर्दा उनलाई भूकम्पको पीडा बल्झाउंछ। भूकम्पको आठ महिना बितिसक्दा पनि उनले मृतक छोराको नाममा सरकारले दिने भनेको १ लाख रुपैयां राहत पाउन सकेका छैनन्।

सोमबार तेस्रो पटक १ लाख राहत रकमका लागि जिल्ला प्रशासन कार्यालयमा आइपुगेका उनले भने, 'तिन पटक आएं तर पनि राहत रकम पाइनं।' भूकम्पमा परी मृत्यु भएकाहरूका परिवारलाई सरकारले यसअघि नै १ लाख रुपैयां दिने घोषणा गरेको थियो। धेरैले यो रकम पाए पनि अझै यो रकम नपाउनेको संख्या बढिरहेको छ। १ लाख मात्रै होइन किरिया खर्चवापत पाउने ४० हजार पनि धेरैले पाएका छैनन्।

गाउं विकास समितिको कार्यालयवाट सबै कागजपत्र मिलाएर उनले जिल्ला प्रशासन कार्यालयमा १ लाख रुपैयां राहत पाऊं भनी निवेदन दिए। पछि आउंदा प्रशासन कार्यालय लेखा फांटका कर्मचारीले कागज पुगेन भने। प्रशासन कार्यालयले गाविसको सिफारिस ल्याउन भनेपछि गत सोमवार सिफारिसका साथ उनी सदरमुकाम आए। तर, प्रशासन कार्यालयको लेखा फांटमा उनको फाइल नै भेटिएन। 'सिफारिस पुगेन भने, पछि लिएर आएं,' उनले भने, 'अहिले त फाइल नै छैन, भेटिएन भन्छन्।'

मृतकका नाममा १ लाख रुपैयां राहत लिन कन्फ्ट खेप्ने एउटा प्रतिनिधि मात्र हुन, उनी। भूकम्पमा मृत्यु भएका परिवारलाई १ लाख राहत पाउन ठुलै सास्ती खेप्नुपरेको छ। यसअघि नै १ लाख रुपैयां लिएकाहरूले पनि उस्तै सास्ती खेप्न बाध्य भए भने अहिले पनि उस्तै समस्या रहेको छ। जिल्ला प्रशासन कार्यालयको

लेखा फांटमा धेरैका फाइल रोकिएर बसेका छन्। १ लाख रुपैयां पाउने आशामा बैंकमा खाता खोलेर गएका धेरैले महिनौं बितिसक्दा पनि सो रकम राहत पाउन सकेका छैनन्। मृतकका परिवारले बैंकमा खाता खोलेर गए तर अहिलेसम्म प्रशासन कार्यालयले पैसा हालेको छैन। 'खाता खोलियो तर पैसा अझै पठाएनन्,' भूकम्पमा मृत्यु भएका फुल्डिडांडा-४ का प्रतीक दोडका बाबुले भने, 'किन रोकियो पनि भन्दैनन्, पैसा पठाउँदैनन्।'

कागजपत्र पुऱ्याएका सबैलाई १ लाख राहत दिइसकेको जानकारी दिंदै जिल्ला प्रशासन कार्यालयका सूचना अधिकृत भरतप्रसाद आचार्य कागजात नपुगेकाहरूको मात्र रोकिएको बताउंछन्। सरकारले मृतक परिवारलाई राहतका लागि पठाएको रकम अपुग हुंदा मृतक परिवारले पाउन ढिलाइ भइरहेको उनी बताउंछन्। 'रकम अपुग भयो भनेर माग गरेका छौं, निकासा आउंदै छ,' आचार्य भन्छन्, 'निकासा आउनासाथ खातामा हालिदिन्छौं।'

जिल्ला प्रशासन कार्यालयका अनुसार हालसम्म २ हजार ७ सय १९ मृतक परिवारले १ लाख राहत लिइसकेका छन्। प्रशासन कार्यालय लेखा फांटका अनुसार १ लाख रुपैयां राहतका लागि निवेदन पनि अझै आइरहेको छ। 'कागजपत्र नमिलेको २ सयजति फाइल रोकिएको छ,' लेखापाल जयराम यादव भन्छन्। मृतक परिवारका आफन्तलाई मात्रै होइन, किरिया खर्चको रकमसमेत अझै केही पीडितहरूले पाउन सकेका छैनन्। भूकम्पमा सिन्धुपाल्चोकमा ३ हजार ५ सय ६६ जनाको मृत्यु भएको थियो।

भट्टराई राष्ट्रिय नेता : प्रधानमन्त्री

राजधानी समाचारदाता
बाँडेगाउँ (ललितपुर), ८ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले दिवंगत सन्तनेता कृष्णप्रसाद भट्टराईको स्थान 'दलका नेताभन्दा माथि रहेको' बताएका छन् ।

ललितपुर बाँडेगाउँस्थित भट्टराई आश्रममा बुधबार पूर्वप्रधानमन्त्री भट्टराईको पूर्णकदको सालिक अनावरण गर्दै प्रधानमन्त्री ओलीले 'समाज परिवर्तनका लागि भट्टराई कुनै दलमा आबद्ध भए पनि उनको योगदान देश र जनताका लागि भएकाले राष्ट्रिय नेताका रूपमा सम्मान गर्नुपर्ने' बताएका हुन् ।

'कृष्णप्रसाद भट्टराई समाज रूपान्तरणका नेता हुनुहुन्छ,' उनले भने, 'उहाँ परिवर्तनको साक्षी किनारामा मात्र होइन, सधैं अग्रभागमा रहनुभयो ।' नख्खु जेल हुँदा भट्टराईसँग आफ्नो भेट भएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले 'परिणाम जे जस्तो आए पनि सधैं सत्य बोल्ने नेताका रूपमा भट्टराईलाई चिनेको' बताए । 'राजनीतिक परिवर्तन गरेर जनतालाई सार्वभौम बनाउन उहाँले चालेका कदम र विचार सधैं असाधारण नै रहे,' उनले भने, 'नेपाली समाजलाई परिवर्तनका मुद्दामा सहमत गराउन उहाँको योगदान सदैव स्मरणीय रह्यो ।'

भट्टराईका 'आफ्नैखाले मान्यता रहेको' उल्लेख गर्दै ओलीले 'ढाँट्नभन्दा सत्य बोलेर जेल जान तयार हुने नेता र सेन्स अफ ह्युमर भएको नेताका रूपमा उनी रहेको' स्मरण गरे । 'भट्टराईका केही स्वभावले मलाई पनि प्रभावित गरेको थियो,' प्रधानमन्त्रीले भने, 'उहाँ जीवनलाई सधैं हाँसीखुसी राख्नुहुन्थ्यो, जस्तै दुःखमा पनि उहाँ दुःखी भएर बस्नु भएन, त्यो स्वभाव ममा पनि छ, म जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि दुःखमनाउ गरेर बस्दिनँ ।'

९१औं जन्मजयन्तीका अवसरमा कृष्णप्रसाद भट्टराईको सालिक निर्माण कार्यको प्रशंसा गर्दै प्रधानमन्त्री ओलीले आश्रमलाई सरकारका तर्फबाट सहयोग गर्ने प्रतिबद्धतासमेत जनाए ।

सौजन्य : आनन्दराम डंगोल

मधेसका मुद्दा हाम्रै हुन् : दाहाल

राजधानी समाचारदाता
काठमाडौं, ८ पुस

एकीकृत नेकपा माओवादी (एमाओवादी) अध्यक्ष पुष्पकमल दाहालले मधेसका मुद्दा आफूहरूले नै उठाएको बताएका छन् ।

मधेसमा आन्दोलनरत दलहरूले उठाउँदै आएका माग विगतमा आफूहरूले उठाएको बताउँदै उनले आठ प्रदेशमा सहमति हुनसक्ने विश्वाससमेत व्यक्त गरेका छन् । गत १५ मंसिरबाट सुरु भई मंगलबार सकिएको केन्द्रीय समिति बैठकका निर्णय सार्वजनिक गर्न पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार आयोजित पत्रकार सम्मेलनमा मधेसका जाहेज माग पूरा गर्न आफ्नो पार्टीको समर्थन रहेको अध्यक्ष दाहालले बताए ।

मधेसी मोर्चासँगको वार्ताको प्रसंगमा उनले झापा, मोरङ, सुनसरी, कैलाली र कन्चनपुर जिल्लाका मोर्चासँग अहिलेसम्म सहमति हुन नसकेको पनि प्रस्ट पारे । 'पाँच जिल्ला सीमांकन परिमार्जन गर्न आफ्नो पार्टी एमाओवादी तयार रहे पनि कांग्रेस-एमालेले अहिले नै परिमार्जन हुन्छ भन्ने वचन दिन नसकेकाले सहमति हुन नसकेको हो,' दाहालले भने, 'मधेसमा अहिले जे माग उठेर आन्दोलन भइरहेको छ, त्यो हाम्रो पार्टीसँग सम्बन्धित छ, हाम्रै कारण विगतमा ती माग उठेका हुन्, मधेस आन्दोलनलाई नेपालको आन्तरिक समस्याका रूपमा लिएर समाधान गर्नुपर्छ, यी मुद्दाको सर्जक र वाहक हामी नै हौं ।'

संविधान बनिसक्दा पुँजीवादी जनवादी क्रान्तिको एउटा चरण पूरा भएको जिकिर गर्दै दाहालले संविधानलाई परिवर्तनशील दस्तावेज मानेर अघि बढ्नुपर्नेमा जोड दिए ।

सरकारले शुक्रबार तिन महिनाभित्र सीमांकन परिमार्जन, संविधान संशोधन प्रस्ताव तत्काल अघि बढाउने, नागरिकतामा देखिएको अस्पष्टता हटाउने निर्णय गरेको छ । मोर्चाले भने मंगलबार नै अमूर्त भन्दै अस्वीकार गरिसकेको छ ।

दाहालले एमाओवादीले मधेससँग पुलको काम गर्ने पनि बताए । आफ्नो दलले प्रस्ताव गरेको आठ प्रदेशमा सहमत हुनेगरी मिलनबिन्दु खोजिने बताउँदै उनले बाबुराम भट्टाईको बहिर्गमन देश, जनता, पार्टी र स्वयं उनकै लागि नोक्सानदायी रहेको पनि विश्लेषण गरे । नाकाबन्दीलाई नकारात्मक मात्रै नहेरी चुनौती र अवसरका रूपमा समेत लिनुपर्ने उनको कथन छ ।

यसैबिच, एमाओवादीले संघीय प्रदेशअनुसार 'कार्यकारी' प्रादेशिक पार्टी संरचना निर्माण गर्दै नेताहरूको कार्यविभाजनसमेत गरेको छ । मंगलबार सम्पन्न केन्द्रीय समिति बैठकले अध्यक्ष दाहालको संगठन र कार्यविभाजनसम्बन्धी प्रस्ताव अनुमोदन गर्दै यस्तो निर्णय गरेको हो ।

बैठकले प्रादेशिक संगठन समिति इन्चार्ज र सेक्रेटरी तोकेको छ । तिन महिनाभित्रै पार्टीको सांगठनिक संरचनाका विषयमा छलफल गर्न विशेष कार्यशाला आयोजना गर्ने निर्णय पनि गरिएको छ ।

'पार्टीको राजनीतिक विचारअनुसार वैज्ञानिक सांगठनिक संरचना निर्माण हुन सकिरहेको छैन, समयसापेक्ष बनाउन कस्तो पार्टी संगठन बनाउने भन्ने विषयमा तिन महिनाभित्र संगठनसम्बन्धी बृहत् कार्यशाला गर्ने निर्णय बैठकले गरेको छ,' अध्यक्ष दाहालले भने, 'कार्यशालामा जिल्लास्तरका छानिएका प्रतिनिधि पनि सहभागी हुनेछन् ।'

राष्ट्रपतिमाथिको दुर्व्यवहारबारे सभामुखको रुलिङ

राजधानी समाचारदाता
काठमाडौं, ८ पुस

राष्ट्रपति विद्यादेवी भण्डारीमाथि विवाह पञ्चमीको दिन जनकपुरमा भएको दुर्व्यवहारबारे संसद्लाई जानकारी दिन सभामुख ओनसरी घर्ती मगरले सरकारलाई रुलिङ गरेकी छन् ।

व्यवस्थापिका संसद्को बुधबार मध्याह्न बसेको बैठकमा समय माग गरेर बोल्ने सांसद्ले जनकपुरमा राष्ट्रपति भण्डारीमाथि गरेको अभद्र व्यवहारबारे सरकारले सदनलाई जानकारी गराउनुपर्ने माग गरेपछि सभामुखले 'आफ्नो र सदनको ध्यानाकर्षण भएको' भन्दै आगामी बैठकमा यसबारे जानकारी गराउन सरकारलाई रुलिङ गरेकी हुन् ।

बैठक सुरुमा मधेसी मोर्चाका सांसद्ले नाराबाजी गर्दै बेलमा आएपछि सभामुख घर्तीमगरले आफ्ना भनाइ राख्न अनुमति दिएकी थिइन् । त्यसपछि कांग्रेस सांसद् रामहरि खतिवडाले राष्ट्रपतिमाथि जनकपुरमा भएको अभद्र व्यवहारले 'राष्ट्रप्रमुखको अपमान गरेको' भन्दै 'त्यस्तो कार्य गर्नेलाई कडा कारबाही गर्नुपर्ने' माग राखे ।

सांसद् सुशीला नेपालले संविधानले 'कसैलाई पनि कुनै प्रकारको विभेद् गर्न पाइने छैन भन्ने व्यवस्था गरे पनि जानकी मन्दिरमा राष्ट्रपतिमाथि महिला भएकै कारण दुर्व्यवहार गरिएको' औंल्याइन् ।

सांसद् सीता नेपालीले बुद्ध र सीता जन्मेको देश नेपाल भएको उल्लेख गर्दै भनिन्, 'त्यसमा पनि सीता जन्मेको जानकी मन्दिरमा महिलामाथि गरिएको दुर्व्यवहारले सीताको पनि अपमान भएको छ ।'

यसैगरी, सांसद् कान्त भट्टराई, गीता क्षत्री, राज्यलक्ष्मी श्रेष्ठ, कमला विश्वकर्मा, अनुराधा थापामगर, प्रेमबहादुर सिंह र मीना पुनले अभद्र व्यवहारले नेपालीको शिर निहुराएको बताएकी थिइन् ।

डीएसपीको पेस्तोल भेटियो

काठमाडौं/रास– कीर्तिपुर चाल्नाखेलमा ग्याँस उद्योगमा भएको तोडफोडका क्रममा डीएसपीबाट लुटिएको हतियारसहित विकेश कार्की पक्राउ परेका छन् ।

महानगरीय प्रहरी परिसरका प्रवक्ता प्रहरी उपरीक्षक विश्वराज पोखरेलले कार्कीको पक्राउपछि घटनाबारे थप छानबिन भइरहेको जानकारी दिए । एभरेष्ट ग्याँस उद्योगमा तोडफोड गर्ने क्रममा डीएसपी टीकाबहादुर केसीको पेस्तोल लुटिएको थियो ।

प्रहरीले सीसीटीभी फुटेजका आधारमा शंकास्पद व्यक्तिको सूची बनाएर अनुसन्धान थालेको थियो । अनुसन्धानका खटिएका प्रहरी जेमबहादुर थापालाई बुधबार फोनमार्फत एक युवकले विकेशको नम्बर टिपाएका थिए । लगत्तै, प्रहरीले सो नम्बरमा फोन गरी उनकै घरबाट पेस्तोल बरामद गरेको हो । प्रारम्भिक बयानका क्रममा विकेशले पेस्तोल खोलामा भेटेको बताएका छन् ।

एभरेस्ट ग्याँसको रिफिलिङ सेन्टरमा स्थानीयले तोडफोड गर्न थालेपछि नियन्त्रणका लागि प्रहरी पुगेको थियो । शंकास्पद आठजनालाई नियन्त्रणमा लिई सोधपुछ सुरु गरेको थियो ।

शिलबन्दी कोटेशन पेश गर्ने सम्वन्धि सूचना

यस कारागारमा रहेका कैदीबन्दीहरुलाई सिरक, डसना र सुकुल वितरण गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र शिलबन्दी कोटेशन पेश गर्नुहुन सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य जानकारीका तथा टिओआर (TOR) फारमको लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ । कारागार कार्यालय, भीमफेदी, मकवानपुर

नाम परिवर्तन भएको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, सेवा कार्यालय काठमाण्डौमा दर्ता कायम रहेको पि. एस. एस. रिनुएबल इनर्जी नेपाल प्रा.लि. कम्पनीको मिति २०७२।०८।०४ मा बसेको विषेश साधारण सभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पुर्ण सम्पत्ति, ऋण तथा अन्य दायित्व समेत बेहोर्ने गरी साबिक नाम परिवर्तन गरी पिएसएस इनर्जी प्रा.लि. कायम गर्न गरिएको निर्णयलाई श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७२।०८।२३ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साउदी अरेबियामा रोजगार

१ कम्पनी : KAWADER AL SHAM CONT.ES — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५६५७ — LT. No. 147626

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	SR	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Metal Door Blacksmith	02	1100	30,800	८ घण्टा	६ दिन	छ	छ

२ कम्पनी : HUSSEIN A. AL-JISHI TRAD.EST. — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५६५९ — LT. No. 147625

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	SR	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	General Labour	01	1000	28,00	८ घण्टा	६ दिन	छ	छ

३ कम्पनी : BEN HARARI TRADING EST. — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५६६० — LT. No. 147631

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	SR	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Light Driver	01	1800	50,400	८ घण्टा	६ दिन	छ	छ
2	Loading & Unloading Labour	02	1100	30,800				

KL Employment Service Pvt. Ltd.
Govt. Lic. No: 701/063/064, P.O. Box : 19929, Kalimatidole, (Near Airport) Kathmandu, Nepal, Tel : 977 1 4464113, 4493180, Fax : 977 1 4469321, E-mail : info@klemlpoyment.com.np, Web : www.klemployment.com.np

साउदी अरेबीयामा रोजगार

१. कम्पनी : SPRIN AL-SHARN GRILL RESTAURANT — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५५८७ — LT. No. 142237

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	SR	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Labour	03	1400	39,200	८ घण्टा	६ दिन	छ	छ

Kantipur Manpower Service (P) Ltd.
P.O. Box : 9033, Samakhusi-29, Kathmandu, Nepal, Tel : 4388866, 4388808, 4364338, 4357631, Direct: 4385499, Fax : 977 1 4381117, E-mail : info@kantipurmanpower.com, Web : www.kantipurmanpower.com

मलेशियामा रोजगार

१. कम्पनी : YCN CARTON SDN BHD
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५५४१ — LT. No. 148027

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	RM	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Factory Worker	03	900	22,500	८ घण्टा	६ दिन	छैन	छ

२. कम्पनी : DOLPHIN FAR EAST INDUSTRIES (M) SDN.BHD.
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५५४० — LT. No. 148030

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	RM	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Factory Worker	02	900	22,500	८ घण्टा	६ दिन	छैन	छ

३ कम्पनी : B.B.TRADING CO.SDN.BHD.
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५५३९ — LT. No. 148054

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	RM	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Factory Worker	03	900	22,500	८ घण्टा	६ दिन	छैन	छ

४ कम्पनी : B.B. INDUSTRIES SDN.BHD.
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५५३८ — LT. No. 148032

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	RM	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Factory Worker	06	900	22,500	८ घण्टा	६ दिन	छैन	छ

International Placement Services Pvt. Ltd.
Gyanodaya marg, Kalanki-14, Kathmandu, Nepal
Tel : 00977-1-4037226, Fax : 00977-1-4037125 ipsnepal2@gmail.com, devendraips@yahoo.com,thapadevendra@hotmail.com
Website:www.ipsnepal.com.np
Dilli Kc 9849065799 [BRANCH OFFICE DANG]
Govt. Lic. No: 424/060/061

साउदी अरेबियामा रोजगार

१. कम्पनी : REKAF C.O — शहर : ksa
पूर्व स्वीकृत मिति : २०७२/९/७ — चलानी नं. : ५५१८ — LT. No. 147175

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	SR	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Labour	04	1000	28,000	८ घण्टा	६ दिन	छ	

METTA INTERNATIONAL PVT. LTD.
Airport-09, Manpower Bazar, Kathmandu.
Tel : 4112976, 4112977, Fax: +977 1 4112978.
E-mail: info@mettain.com, mettainternational@gmail.com,
Web: www.mettaint.com

साउदी अरेबीयामा रोजगार

१. कम्पनी : UNIVERSAL TECH.CORNER CONT.EST — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/६ — चलानी नं. : ५३०६ — LT. No. 147287

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	SR	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	Plumber	05	1000	28,000	८ घण्टा	६ दिन	छ	छ	२ वर्ष
2	Blacksmith	04	1000	28,000					
3	Normal Worker	05	800	22,400					

२. कम्पनी : EVERY THING YOU NEED FOR TRADING EST. — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/६ — चलानी नं. : ५३०७ — LT. No. 147286

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	SR	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factor	04	1000	28,000	८ घण्टा	६ दिन	छ	छ	२ वर्ष
2	Gen. Tailor	01	1800	50,400					

Five Star International Overseas Pvt. Ltd.
GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Nepal
Tel : +977 1 5542662, Fax : +977 1 5544843,
Email:kajimanojthapa5@hotmail.com, Web:www.fivestarintl.com.np, (Dovan International P. Ltd.)
Govt. Lic. No.: 205/057/058

मलेशियामा रोजगार

1 Company : GLOBAL GUARD SERVICES & SECURITY (M) SDN BHD
पूर्व स्वीकृती मिति : २०७२/८/२८ — चलानी नं. : ४६६८ — LT. No.: 146943 — कुललागत : कम्पनीले दिने

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	RM	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Security Guard	50	950	23,750	८ घण्टा	६ दिन	छैन	छ

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

Dynamic Positions Pvt. Ltd.
P.O. Box No : 3025, Naxal, Gairidhara Kathmandu, Nepal
Tel : +977-1- 4004014, Fax : +977-1-4004015, Cell : 9851003271, 9851009259, 9801080947, Email : scmmanoj@gmail.com,
Web : www.dynamicpositionsnepal.com

मलेशियामा रोजगार

१. कम्पनी : SINLIPLAS HOLDING SDN.BHD.
पूर्व स्वीकृत मिति : २०७२/९/६ — चलानी नं. : ५३४० — LT. No. 147706

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	RM	ने.रु.	दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाने सुविधा	बस्ने सुविधा
1	Factory Workers	21	900	22,500	८ घण्टा	६ दिन	छैन	छ

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

Bhandari Overseas Pvt. Ltd.
P.O.Box: 8973, NPC 264, Shantinagar-34, Gyanpunja Marg, Minbhawan, Kathmandu, Nepal, Tel : +977 1 4622315, 4620858, Fax : +977 1 4622348, Cell : 9851082190, 9841049844
E-mail : info@bhandarioverseas.com.np, Web : www.bhandarioverseas.com
Govt. Lic. No : 345/059/60

छोटकरी

अखिलको नेतृत्वमा आधा महिला

रुपन्देही/रास– नेकपा एमालेनिकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनले आगामी २७ माघदेखि हुने राष्ट्रिय सम्मेलनमा ५० प्रतिशत महिला नेतृत्व बनाउने निर्णय गरेको छ।

वृटवलमा सम्पन्न राष्ट्रिय महिला भेलाले यस्तो निर्णय गरेको हो। भेलाले आगामी २७ माघदेखि काठमाडौंमा हुने महाधिवेशनमा नेतृत्वमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नेसहित सातवुंदे प्रस्ताव पारित गरेको छ। नेपालको संविधानमा भएको महिला सहभागिता र सशक्तीकरणका लागि राखिएको संवैधानिक व्यवस्थालाई स्वागत गर्दै प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबैमा अपिल गरेको छ। भेलाले नयाँ संविधान जारी भएपछि नेपालको तराई मधेसमा देखिएको असन्तुष्टिलाई तत्काल राजनीतिक वार्तावाट सवैधानिक रूपमा समस्याको निकास खोज्न सम्बन्धित सबैमा आग्रह गरेको छ।

सत्तापक्षीय नेताले भ्रम फैलाए : गठबन्धन

राजविराज/रास– संघीय समावेशी मधेसी गठबन्धनका नेताहरूले भारतले दुई दिनअघि जारी गरेको प्रेस विज्ञप्तिलाई सत्तापक्षीय नेताहरूले अनुकूल व्याख्या गरेर भ्रम फैलाएको आरोप लगाएका छन।

वुधवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी गठबन्धन आवद्ध दल राष्ट्रिय मधेस समाजवादी पार्टीका अध्यक्ष शरदसिंह भण्डारीले भने, 'भारतीय विदेश मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिलाई आफूअनुकूल व्याख्या गरेर सत्तापक्षीय नेताहरूले मधेस आन्दोलन कमजोर बनाउने षड्यन्त्र गरे त्यसैले त्यस्तो भ्रममा नपरी निर्णायक आन्दोलनलाई लक्षमा पुऱ्याउन अझ उत्साहका साथ सहभागी हुन जरुरी छ।'

परराष्ट्रमन्त्री चीन प्रस्थान

काठमाडौं/रास– उपप्रधान एवं परराष्ट्रमन्त्री कमल थापा वुधवार औपचारिक भ्रमणका लागि छिमेकी राष्ट्र चीन प्रस्थान गरेका छन्। ९ देखि १२ पुससम्म हुने औपचारिक भ्रमणका लागि कानुनमन्त्री अग्नि खरेलसहित १४ नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै थापा चीन प्रस्थान गरेका हुन्। उनले दुई देशवीचको आर्थिक साझेदारीका लागि दीर्घकालीन रूपमा अघि बढ्ने गरी वार्ता अघि बढ्ने बताए। थापाले चीनसँग आर्थिक, व्यापारिक सम्बन्ध सुदृढीकरण, लगानीको वातावरण निर्माण, नाका क्षेत्रको विकास र व्यापारको विविधीकरणलगायतका विषयमा छलफल हुने जानकारी दिए।

किलिमान्जारोमा नेपाल प्रहरीको झन्डा

राजधानी समाचारदाता
काठमाडौं, ८ पुस

कीर्तिमानी पर्वतारोही एवं अल्ट्रा धावक सञ्जय पण्डितले उल्टो चालमा अफ्रिकी महादेशको सर्वोच्च शिखर किलिमान्जारो आरोहण गरी नेपाल प्रहरीको झन्डा फहराएका छन।

पण्डितले २५ घन्टा ४० मिनेटमा अफ्रिकाको सर्वोच्च शिखर किलिमान्जारो आरोहण गरी सोमवार नेपाल प्रहरीको झन्डा फहराएका हुन्।

पण्डितले उल्टो चालमा सो हिमाल आरोहण गरेको भन्दै गिनिज बुक अफ वर्ल्ड रेकर्डमा समेत नाम सूचीकृत गराएका छन्।

कीर्तिमानी पर्वतारोही पण्डितले १२ वैशाखको विनाशकारी भुकम्पका वेला नेपाल प्रहरीले उत्कृष्ट सेवा गरेको भनी कदरस्वरूप किलिमान्जारोमा फहराउन प्रहरीको झन्डा लिएर गएका थिए।

प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालले गत २५ मंसिरमा प्रहरी प्रधान कार्यालयमा एक कार्यक्रमकावीच पण्डितलाई नेपाल प्रहरीको झन्डा हस्तान्तरण गरेका थिए।

संसारका सातमध्ये ६ ओटा महादेशका सर्वोच्च शिखर सकुशल आरोहण गरिसकेका पण्डितले अन्टार्कटिकाको 'माउन्ट भिन्सन म्यासिफ' आगामी वर्ष आरोहण गर्ने बताएका छन्।

भारतीय शिक्षासेवी मौलाना आजाद दिवस मनाइयो

राजधानी समाचारदाता
काठमाडौं, ८ पुस

भारतीय दूतावासले भारतीय सांस्कृतिक केन्द्रको सहयोगमा डिसेम्बर मंगलवार मौलाना आजाद तथा भारतीय प्राविधिक तथा आर्थिक सहयोग दिवस एकै साथ सम्पन्न गरेको छ। कार्यक्रममा भारतीय सांस्कृतिक केन्द्रका कलाकारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

'आईटीईसी' का नामले प्रसिद्ध भारतीय प्राविधिक तथा आर्थिक सहयोग कार्यक्रम भारत सरकारको दुईपक्षीय सहयोग कार्यक्रमका रूपमा सन् १९६४ मा लागू गरेको थियो। आईटीईसी तथा यसको कोरोलरी एससीएएपी (अफ्रिका कार्यक्रमका लागि विशेष कमन वेल्थ सहयोग) र कोलम्बो प्लानको टीएससीवाट भारतको स्वतन्त्रतापछिको ६ दशकभन्दा लामो विकास अनुभवलाई वाँडेन आमन्त्रण गरेअनुरूप एसिया, पूर्वी युरोप, मध्य एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका १ सय ५६ देशले सहयोग पाएका छन्।

यस कार्यक्रममा १२ जना नेपाली सहभागीसहितको प्रथम समूह सन् २००० मा भारत गएको थियो। आईटीईसी कार्यक्रमअन्तर्गत सन् २००० मा छुट्ठाइएको १२ कोटालाई सन् २०१५ मा २ सय ५० पुऱ्याइएको छ। आईटीईसी कार्यक्रमअन्तर्गत नेपाल सरकारका साथै निजी तथा सार्वजनिक क्षेत्रका व्यक्तिहरूले भारतका मुख्य संस्थानवाट कम्प्युटर, इन्जिनियरिङ, पत्रकारिता, वैंकिङ, विधायकी र ऊर्जामा तालिम लिएका छन्।

त्यस्तै, रिमोट सेन्सिङ, मानव संशाधन अनुसन्धान, शिक्षा, महिला सशक्तीकरण, जलविज्ञान, कानुनको कार्यान्वयन, व्यापार योजना तथा प्रवर्द्धन, लेखा तथा वित्तलगायत क्षेत्रमा तालिम प्राप्त गरिसकेका छन्। सन् २००० देखि हालसम्म नेपालका करिव १ हजार सहभागीले भारतमा छोटो अवधिका पाठ्यक्रममा सहभागी भएका छन्।

आईटीईसी आपसी हितका लागि सहयोग तथा साझेदारीसँग सम्बन्धित छ। विकासोन्मुख देशहरूको अनुरोधअनुसार यसले ती देशका आवश्यकतालाई सम्बोधन गर्छ। भारतले आईटीईसी गतिविधिका लागि वार्षिक ५० करोडभन्दा बढी भारतीय रुपैयाँ खर्च गर्छ।

हालसम्म नेपालमा मानव संशाधन विकासमा भारत-नेपाल सहकार्यले ठुलो योगदान गरिसकेको छ। भारत सरकारले प्रवीणता, स्नातकोत्तर तथा विद्यावारिधिलगायत विविध तहमा चिकित्सा शास्त्र, कृषि, विज्ञान, कानुन, कला, पशुविज्ञान, औषधि विज्ञान, कम्प्युटर विज्ञान आदि विषयमा गरी ३ हजारभन्दा बढी नेपाली विद्यार्थीलाई वार्षिक रूपमा छात्रवृत्ति प्रदान गर्दै आएको छ।

एनआईटी, जेएनयु, वीएचयु, दिल्ली केन्द्रीय विश्वविद्यालय, जमियामिलिया इस्लामिया, ओस्मानिया विश्वविद्यालयलगायत अन्य प्रसिद्ध शैक्षिक केन्द्रमा छात्रवृत्ति अध्ययनका लागि सिफारिस गरिँदै आइएको छ। भारतीय राजदूतावासले सन् २००५-०६ देखि प्रदान गर्दै आएको छात्रवृत्ति र तालिममार्फत २० हजारभन्दा धेरै व्यक्तिहरू लाभान्वित भएका छन्।

केएल दुगडका सञ्चालक खोज्न दर्जनौं प्रहरी

राजधानी समाचारदाता
काठमाडौं, ८ पुस

खानेतेलमा कालोवजारी गरी उपभोक्तालाई ठग्दै आएको केएल दुगड समूहका सञ्चालकलाई प्रहरीले ठगी तथा कालोवजारी मुद्दा लगाएको छ।

महानगरीय प्रहरी परिसर टेकुले सरकारी वकिल कार्यालयमा उपभोक्तालाई चरम ठगी गरेको आरोप लगाउँदै कालोवजारी तथा ठगी मुद्दा दायर गरेको हो। पर्याप्त प्रमाणका आधारमा दुगड ग्रुपका अध्यक्ष किसनलाल दुगड र उपाध्यक्ष नरेश दुगडलाई प्रहरीले ठगी तथा कालोवजारी मुद्दा दायर गरेको जनाएको छ।

महानगरीय प्रहरी परिसर काठमाडौंले कोटेश्वरमा रहेको दुगड ग्रुपले गोदाममा कालोवजारीका लागि धन्याइराखेको चार ट्रक खानेतेल वरामद गरेलगतै फरार रहेका सञ्चालकहरू अहिलेसम्म फेला पर्न सकेका छैनन्। प्रहरीको खोजी गरिरहेको अवस्थामा अध्यक्ष र उपाध्यक्ष भारततर्फ भागेपछि भारतीय प्रहरीको समन्वयमा समेत उनीहरूको खोजी भइरहेको छ। परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विक्तमसिंह थापाले कालोवजारी गरी जनाता ठग्ने कोही कसैलाई पनि नछाड्ने वताए। 'हामीले सादा पोसाकसहित विभिन्न स्थानमा प्रहरीको टोली खटाएका छौं, उनीहरू रहेका सम्भावित स्थानमा समेत भारतीय प्रहरीको समन्वयमा खोजी गरिरहेका छौं,' एसएसपी थापाले भने।

खाने तेलको वजारमा आफ्नो वर्चस्व कायम राख्दै आएको यो समूहले विगतमा जसरी नै पेलेर र शक्तिकेन्द्र धाएर नै समस्या समाधान गर्ने नीति यसपटक पनि अवलम्वन गर्न खोजेको भए पनि प्रहरीले उनीहरूको त्यो प्रयास असफल वनाइदिएको छ। मुद्दा नै अघि वढिसकेको अवस्थामा दुगड ग्रुप वाध्य भएर भारतमै लुकेर वसेको उनी निकट व्यापारिक साझेदारले वताए। दुगड समूहको उच्च नेतृत्व हाल भारतमा रहेको जानकारीमा आएकाले उनीहरूलाई पकाउ गरी ल्याउनका लागि प्रतिक्रिया अगाडि बढाइएको महानगरीय प्रहरी प्रमुख थापाले वताए। परिसकै पहलमा विराटनगर, नेपालगन्ज र वारामा रहेको खानेतेल उद्योगमा छापा मारेको थियो। 'जनता ठग्ने, कानुन मिच्ने र भागेर उन्मुक्ति पाउँछु भन्ने अवस्था छैन जस्तोसुकै दवाव आए पनि कानुनी दायरामा ल्याउने प्रहरीको दायित्व हो,' एसएसपी थापाले भने।

दुगड ग्रुपअन्तर्गतको स्वस्तिक आयल इन्डस्ट्रिजले नाकाबन्दीको मौका पारी खानेतेलको मूल्य दोब्बरभन्दा वढी पारेको थियो। विगत दुई महिनाको अवधिमा खानेतेलको मूल्य दोब्बर हुँदासमेत कसैको ध्यान नगएपछि प्रहरीले काठमाडौंको जडीवुटीस्थित गोदाममा छापा हानेर कारवाही थालेको हो। विराटनगरमा रहेको यो उद्योगले स्वस्तिक सोयाविन तेल, स्वस्तिक हेल्थ, स्वस्तिक वनस्पति घिउ, धारा हेल्थ, धारा लाइट, धारा एक्टिभ र विगुल तोरीको तेल र सन फ्लाओर तेल पनि यही उद्योगले उत्पादन गर्दै आएको छ। यस्तै, मेजन ब्रान्डको सनफ्लाओर तेलको नेपालको आधिकारिक विक्रेता पनि दुगड समूह नै हो।

संविधान अस्वीकार गर्ने गल्ती नगरौं : अर्थमन्त्री

राजधानी संवाददाता
भैरहवा, ८ पुस

अर्थमन्त्री विष्णु पौडेलले केही विषयमा असहमत हुँदैमा पूरै संविधानलाई अस्वीकार गर्ने गल्ती नगर्न आग्रह गरेका छन्। 'संविधानका एकाध विषयका विमति हुँदैमा जनताले प्राप्त गरेको सर्वोच्च अधिकारलाई कुण्ठित गर्नुहुँदैन,' नयाँ संविधानको जिल्लास्तरीय प्रचार प्रसार अभियानलाई बुधवार भैरहवामा उद्घाटन गर्ने उनले भने, 'संविधान अपरिवर्तनीय होइन सहमतिवाटै समस्याको समाधान खोजौं।'

अहिलेको संविधानले जनतालाई पूर्ण अधिकार सम्पन्न बनाएको भन्दै उनले संविधानमा के छ ? भन्दा पनि के छैन भन्ने हिसावले वहस गर्नुपर्ने जोड दिए।

संविधानले अनेकतामा एकता कायम गर्दै सवै जातजाति, धर्म, संस्कृति, समुदाय र भूगोलको अधिकार सुनिश्चित गरेको उनले वताए। असहमतिका वुंदारू पनि संविधान संशोधन प्रक्रियामार्फत सम्बोधन हुन लागेको भन्दै उनले संविधानसभा भित्रैवाट समस्याको समाधान खोजिनुपर्नेमा जोड दिए।

दायित्व निर्वाह गर्न गृहमन्त्रीको निर्देशन

राजधानी संवाददाता
नेपालगन्ज, ८ पुस

गृहमन्त्री शक्तिवहादुर वस्नेतले मुलुकको स्थिति असहज अवस्थावाट गुजिरहेकाले उच्च सावधानीका साथ दायित्व निर्वाह गर्न मध्य तथा सुदूरपश्चिमका सुरक्षा निकायलाई निर्देशन दिएका छन्।

मंगलवारदेखि नेपालगन्जमा सुरु भएको मध्य तथा सुदूरपश्चिमको क्षेत्रीय सुरक्षा गोष्ठीको वुधवार समापन गर्दै उनले यस्तो निर्देशन दिएका हुन्। उनले वढ्दो कालोवजारी, असहज आपूर्तिलगायतका समस्यालाई तत्काल हटाएर स्थिति सहज पार्न गृहमन्त्री वस्नेतले निर्देशन दिएका थिए।

गृहमन्त्री वस्नेतले वदलिएको परिस्थितिमा त्यही ढंगले सुरक्षा अवस्था चुस्त, दुरुस्त र मजवुत राख्न सुरक्षा अधिकारीहरूलाई निर्देशन दिए। उनले भने, 'आफ्नो जिल्लाको सुरक्षा चुनौतीको पहिचान गर्नुहोस् त्यहीअनुसारको रणनीति वनाएर अघि वढ्नुहोस्, जनतालाई सुरक्षाको अनुभूति गरेको हुनुपर्छ।'

गोष्ठीमा सहभागी मध्य र सुदूरका सुरक्षा प्रमुखहरूले स्रोतसाधनकै अभावले कार्य क्षेत्रमा सुरक्षा चुनौती थपिएको निष्कर्ष निकालेका छन्।

नेपालगन्जमा दुई दिनसम्म चलेको मध्य र सुदूरका स्थानीय प्रशासकहरूले क्षेत्रीय गोष्ठीमा ब्रिफिड गर्ने अधिकांश प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखहरूले स्रोतसाधन तथा जनशक्ति अभाव, भौतिक पूर्वाधार नहुनुजस्ता कारणले चुनौती थपेको तथ्य औंल्याएका गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता लक्ष्मीप्रसाद ढकालले जानकारी दिए। 'यसले संकटका वेला शान्तिसुरक्षा कायम गर्न अप्ठ्यारो पार्ने गरेको सुरक्षा अधिकारीवाट ब्रिफिड भएको छ,' सहसचिव ढकालले गोष्ठी सकिएलगतै भने।

सम्बन्ध विच्छेदका घटना बढे

दाङ/रास– पछिल्लो समय दाङमा सम्बन्ध विच्छेद गर्नेहरूको संख्यामा वृद्धि भएको छ।

आर्थिक वर्ष २०७२/२०७३ सुरु भएयता मंसिर महिनासम्म १ सय ५ दम्पतीले सम्बन्ध विच्छेद गरिसकको दाङ देउखुरी जिल्ला अदालतले जनाएको छ।

आर्थिक वर्ष २०७१/७२ को मंसिर महिनासम्म जम्मा ८७ दम्पतीले मात्रै सम्बन्ध विच्छेद गरेका थिए। अघिल्लो वर्षलाई तुलनामा यस वर्ष सम्बन्ध विच्छेद गर्ने संख्यामा १८ जोडीले वढी हो।

अदालतका सेस्तेदार वलदेव पाण्डेका अनुसार अघिल्लो वर्ष १ सय ५५ र यस वर्ष १ सय ८५ ओटा सम्बन्ध विच्छेदका मुद्दा जिल्ला अदालतमा दर्ता भएका छन्। अझै पनि दुई वर्षका गरी १ सय ४८ ओटा सम्बन्ध विच्छेदका मुद्दा फैसला हुन वांकी रहेको जिल्ला अदालतले जनाएको छ।

सम्बन्ध विच्छेदको मूल कारण वैदेशिक रोजगारका कारण श्रीमान् श्रीमती पर पुरुष र परस्त्रीसंग लाग्नु, रहेको सेस्तेदार पाण्डेले वताए। श्रीमान्ले विदेशवाट कमाइ गरेर पैसा पठाउँछ तर घरमा पैसाको सदुपयोग भएको पनि देखिँदैन र वचेको पनि देखिँदैन त्यसै कारणले पनि परिवारमा कलह वढ्दै जांदा सम्बन्ध विच्छेदसम्म पुग्ने गरेको पाण्डेले वताए।

सम्पादकीय

अत्यावश्यक सेवाको दायरा बढाऊ

इन्धन अभाव भन्दै काठमाडौंका केही वाणिज्य बैंकका शाखा बन्द रहने गरेका छन्। आफ्नो पायकको शाखा बन्द हुँदा सेवाग्राहीले भने सास्ती भोग्नुपरेको छ। भारतको अघोषित नाकाबन्दी सुरु भएपछि पनि पछिल्ला केही दिनयता वीरगन्जबाहेकका नाकाबाट पेट्रोलियम पदार्थको आपूर्ति सहज हुन थालेको छ। त्यसो त नेपाल भित्रने इन्धनको परिमाणमा पनि वृद्धि भएको छ। सडकमा हुने सवारी जामबाटै पनि इन्धन सहज भएको जोसुकैले अनुमान गर्न सक्छन्। तर, बैंक, अस्पताल, सञ्चार माध्यम, विद्यालयजस्ता अत्यावश्यक सेवा प्रदायक संस्थाले इन्धनको अभावमा सेवा कटौती गर्नुपर्ने स्थिति उत्पन्न हुनु अत्यन्तै दुःखद हो। यस घटनाले 'पेट्रोलियम पदार्थको वितरण व्यवस्था कतै सरकारको नियन्त्रणबाहिर जान लागेको त होइन ?' भन्ने प्रश्न उब्जाएको छ।

बैंक, अस्पताल, सञ्चार माध्यम र विद्यालयलाई नियमित रूपमा सञ्चालन हुने वातावरण तय गर्नु सरकारको कर्तव्य हो। त्यसो त राज्यले अत्यावश्यक सेवा भन्दै सुरक्षा निकाय, सञ्चार माध्यम, केही ठुला होटल तथा प्रतिष्ठानलाई यदाकदा इन्धन उपलब्ध गराएको पनि देखिन्छ। कानुनले अत्यावश्यक सेवाको दायरा जेजस्तो राखे पनि जनसुविधाको हिसाबले इन्धनलगायतका कुरामा बैंकलगायतका संस्थालाई पनि अत्यावश्यककै कोटिमा राख्नु आवश्यक छ। इन्धन सहज भएको कुरा गरिरहँदा राजधानी काठमाडौंकै केही ठुला वाणिज्य बैंकका शाखा बन्द भएको देख्दा सरकार आफैंलाई लाज लाग्नुपर्ने हो। सिंहदरबारको घेराभित्र रमाएको सरकार सिंहदरबार बाहिरको स्थितिप्रति लगभग बेखबर छ भन्ने कुरा पनि यस घटनाले पुष्टि गर्छ। आफूले राखेको पैसा जुनसुकै बेला झिक्न सकिने भनेर खोलिएका 'अटोमेटिक टेलरिङ मेसिन' (एटीएम) बाट पैसा निकाल्नुपर्‍यो भने सबैभन्दा पहिला विद्युत् प्राधिकरणको लोडसेडिङ तालिका हेर्नुपर्ने भएको छ। इन्धन अभावकै कारण काठमाडौंकै कतिपय ठुला अस्पतालले आफूले दिँदै आएको सेवामा कटौती गरिसकेका छन्। कतिपय निजी र सरकारी विद्यालयका स्कुल बसले क्षमताभन्दा धेरै विद्यार्थी ओसारिरहेका छन्, जबकि पेट्रोलियम पदार्थको चरम हाहाकार भएको बेलामा पनि बैंकहरूले आफ्ना ग्राहकलाई सेवा दिइरहेका थिए। अरू बेलामा त सहजै सेवा दिएकै थिए, गत वैशाखको विनाशकारी भूकम्पपछि समेत अस्पताल, बैंक र सञ्चार माध्यमहरूले पर्याप्त सेवा प्रवाह गरेका थिए। अहिले तिनै बैंकका शाखा लोडसेडिङ भएको बेला बन्द हुन्छन्, अस्पतालमा अत्यावश्यक र गम्भीर रोगको उपचारका लागि इन्धनकै समस्या पर्छ, आमजनतालाई सुसूचित गर्ने सञ्चार माध्यमको कर्तव्य इन्धनकै अभावका कारण पूरा हुन सक्दैन भने आमजनताले भन्न सक्छन् कि मुलुकमा अब संस्थागत कालोबजारीले स्थान लिइसकेको छ।

आठ महिनाअघि मात्रै विनाशकारी भूकम्प जाँदा जनजीवन त्रस्त थियो। आर्थिक कारोबार ठप्प थियो। तर, कुनै पनि बैंकले शाखा बन्द गरेका थिएनन्। अस्पतालहरूले बढीभन्दा बढी सेवा दिएका थिए। पछिल्लो समय देखिएको संकटको मूल कारण अभाव होइन, वितरण प्रणालीमा देखिएको असहजता हो। अहिले विभिन्न नाकाबाट ग्याँसका बुलेट काठमाडौं भित्रने क्रम जारी छ भने पेट्रोल र डिजेलको परिमाण हरेक दिन बढ्दो छ। तर, आमजनताले न त ग्याँस पाएका छन्, न त पेट्रोल नै। पछिल्लो समय इन्धनमा सीमित व्यक्तिको पहुँच बढ्दो छ। यसो हुनुमा खराब मनोवृत्ति हुने व्यावसायीको त हात छ भने सरकार मूकदर्शक देखिन्छ। त्यसो नहुँदो हो त सडकै जाम हुने गरी चिल्ला कार चढ्नेले आवश्यक मात्रामा इन्धन पाइरहँदा बैंक वा अस्पतालले सेवा कटौती गर्नुपर्ने थिएन।

माओवादीहरूबिच एकता आवश्यक

■ प्रा.डा. गोपाल शिवाकोटी

एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादी (एमाओवादी) को मंसिर १५ गतेदेखि सुरु भएको केन्द्रीय समितिको बैठक अगामी कार्यक्रम तथा कार्यविभाजन गरी सम्पन्न भएको छ। यो बैठकबाट पार्टीलाई नयाँ संरचनामा निर्माण गर्ने तथा पार्टीलाई दुई वर्षभित्र पहिलाकै स्वरूपमा विकसित गर्ने, पार्टीमा ६ महिनाको अभियान सञ्चालन गर्ने र डेढ वर्षभित्र महाधिवेशन गर्ने निर्णयसमेत गरिएको छ।

संविधानसभाबाट संविधान घोषणा गरिएपछि नयाँ परिस्थितिमा भएको बैठकले संगठन ध्वस्त भएको हुँदा पुनर्निर्माण गरी पुनः जीवित गर्नुपर्ने कुरालाई गम्भीरतापूर्वक लिएको देखिएको छ भने राष्ट्रियता अत्यन्त कमजोर भएको भन्दै राष्ट्रियतालाई बलियो बनाउने र मुलुकमा स्वाधीनताका लागि संघर्ष गर्ने कुरामा समेत बहस भएको छ। मुलुक गम्भीर संकटमा परेको र नाकाबन्दीलगायतले मुलुकको सार्वभौमिकता नै संकटमा परेको समेत बैठकले महसुस गरेको देखिएको छ। पार्टीभित्र भएको अनुशासनहीनता तथा अराजकता तथा पार्टीका नेतृत्वका आचरण र व्यवहारमा आएको विचलनका सम्बन्धमा पनि व्यापक छलफल र चिन्ता व्यक्त भएका छन्। यसैले पार्टीलाई पुनर्गठित गर्न सिद्धान्त र व्यवहार तथा कार्यशैलीमा समेत क्रान्तिकारी रूपान्तरण गर्नुपर्ने कुरा महसुस गरेको देखिन्छ। विगतका गल्ती र कमजोरीलाई आत्मसात् गरी नेतृत्व वर्गले सच्चिने प्रतिवद्धता व्यक्त गर्नुका साथै सत्तामुखी नभई जनतामुखी कार्यक्रम ल्याई जनतामा गएर पार्टीलाई जनताको बिचमा संगठित गर्ने जुन कुराहरू अगाडि आएका छन्, एमाओवादी पार्टी विघटनको स्थितिमा पुगी संसदवादतर्फ उन्मुख भएको 'यूटर्न' गरी पुनःसंरचना गरेर क्रान्तितर्फ मोडिनका लागि यो केन्द्रीय समितिको बैठक र यहाँ भएको छलफलले सघाउ पुग्ने देखिएको छ।

हुन त नेपालको संस्कृतिमा ठुल्ठुला गफ गर्ने, क्रान्तिकारी देखाउने र गल्ती भएकोमा आलोचना गरेको भनी गल्ती सच्याउँछु भन्ने तर व्यवहारमा प्रतिबद्धता गरेका कुराहरूलाई तत्कालै बिर्सिने प्रवृत्ति पहिलेदेखि नै देखिएको छ। त्यो कुरा नभएर व्यवहारमा समेत प्रतिवद्धतालाई रूपान्तरण गरियो भने एमाओवादी पार्टीलाई अहिले रूपान्तरण हुनेसमेत अवसर प्राप्त हुन सक्छ।

निश्चय नै अहिलेको स्थिति अत्यन्त जटिल अवस्थामा छ। पार्टी स्वयं संकटमा परेको अवस्थामा छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिसमेत प्रतिकूल रहेको छ। संविधान निर्माणपछि उत्पन्न परिस्थितिले एमाओवादीलाई अब सम्पूर्ण परिस्थितिले संसवादतर्फ उन्मुख गरेको अवस्था छ। जनतामा केन्द्रित गरी कार्य गर्नुभन्दा नेतृत्व वर्गले सम्पूर्ण ध्यान सत्ता र सुविधाप्रति लगाएको देखिएको छ। यो बाटो सजिलो पनि छ। अहिलेको प्रवृत्तिले गर्दा एमाओदीका साथै नेतृत्व र कार्यकर्तामा भेद नगर्न सकिने स्थितिमा पुगेको छ। अझ भन्ने हो भने एमाओवादीभन्दा एमाले बढी व्यवस्थित छ। एमालेमा पार्टी विधि र पद्धति नै भंग भइसकेको अवस्थामा पुगेको छ। आचरणमा समेत आएको विचलनले एमाले कार्यकर्ताभन्दा भिन्न अवस्थामा रहेको देखिँदैन। २०५१ पछि आएको विचलनले एमाले भ्रष्टीकरण र सैद्धान्तिक विचलनको उत्कर्षमा पुगेको थियो। त्यो स्थिति एमाओवादीमा दोहोरिने खतरा देखिएको छ। यसैले, यो संसदीय भासबाट बाहिर निस्कन र क्रान्तिकारी हुन तथा ध्यान जनतामा केन्द्रित गरी आफ्नो उद्देश्य पूर्तिका लागि कार्य गर्नु अहिले एमाओवादीको अगाडि सबैभन्दा ठुलो चुनौती भएको छ।

अहिले एमाओवादी सत्ताको सहभागी दलसमेत रहेको हुनाले संविधान निर्माण गर्ने कार्यभार पूरा गरेपछि स्वभावतः यसलाई कार्यान्वयन गर्न उसको पनि दायित्व रहेको छ। तर, अहिले सत्तामा जानु र संविधान कार्यान्यवन गर्नुको अर्थ सम्पूर्ण लक्ष्य र उद्देश्य संसदवादलाई अन्तिम ठान्नुहुँदैन। २०५२ सालमा एमाओवादीले संसदीय पद्धतिविरुद्ध हतियार उठाएको थियो। यस क्रममा बिसौं हजार मानिसले ज्यान गुमाएका थिए। यदि संसदीय पद्धतिमा नै विलय हुने हो भने सशस्त्र विद्रोहमा जानु मूर्खताका रूपमा मात्र इतिहासले लिनेछ। त्यसबेला पनि संसदीय व्यवस्था थियो, सत्तामा गएर सुविधा भोग्ने अवसर थियो, यो अवसर छोडेर हतियार उठाएर सशस्त्र क्रान्तिमा जानु जनवादी गणतन्त्र स्थापना गरेर समाजवाद र साम्यवाद प्राप्त गर्नु थियो भन्ने कुरासमेत ओझेलमा परेको अवस्थामा केन्द्रीय समितिको बैठकले जनतामा केन्द्रित हुने कार्यक्रमको माग गर्नुले विगत १० वर्षदेखि अपनाएको सत्ता केन्द्रित राजनीतिको क्रमभंग गरी जनता केन्द्रित राजनीतितर्फ उन्मुख हुनु अनिवार्य भएको छ। यसका लागि संरचनागत र कार्यक्रमिक रूपान्तरण र स्थितिको पुनर्व्याख्या गरी अगाडि बढ्नुपर्दछ। समितिका सदस्यहरूबाट औंल्याइएको संगठात्मक र कार्यक्रमिक गल्तीहरूलाई आत्मसात् गरी विगतमा भएका कमजोरीहरूलाई पार्टी अध्यक्ष प्रचण्डले अब आफ्नो सम्पूर्ण ध्यान पार्टी संगठतर्फ लाग्ने र पार्टी सुदृढीकरणको अभियान सुरु गरी जनतामा जाने जुन प्रतिबद्धता अभिव्यक्त गरेका छन्, यसले गर्दा एक किसिमले विघटनको स्थितिमा पुगेको कम्युनिस्ट पार्टीले पुनर्गठन हुने र पुनर्जीवन प्राप्त गर्ने आशा पलाएको देखिएको छ। सम्पूर्ण नेतृत्व सत्ता केन्द्रित नभएर संगठनलाई सुदृढ गरी जनतामा गएमा एमाओवादी पार्टीले पुनः सुदृढ र परिष्कृत भई आफ्नो लक्ष्य प्राप्त गर्न सक्नेछ भन्ने आशा गर्न सकिन्छ।

यदि सक्षम र गतिशील नेतृत्व, सिद्धान्त र व्यवहारमा समेत क्रान्तिलाई आत्सात् गरेको पार्टी भए मुलुकले छिट्टै क्रान्तिकारी रुपान्तरण गर्न सक्छ । तर, नेपालका कम्युनिस्ट पार्टी भनेका प्रायः सबै गुठीजस्ता भएका छन् । यसका नेताहरू यो सानो गुठीका गुठियार भएर सत्ताबाट लाभ लिनुलाई नै कम्युनिस्ट आदर्श र सिद्धान्त मानेकाले जनतालाई ठुलो धोका भएको छ ।

अहिले जनताले आशा गरेको कुरा के हो भने एमाओवादी पार्टी सच्चियोस्, एकताबद्ध भएर मुलुकलाई सामन्तवाद र पुँजीवादको चंगुलबाट मुक्त गरी नयाँ जनवादी नेपालको निर्माण गरोस् भन्ने नै हो। यसका लागि नेतृत्व वर्गले आफूले गरेका गल्ती र कमजोरीहरू आत्मसात् गरी आफूले गरेका गल्तीका लागि जनतासमक्ष माफी माग्न सक्नुपर्दछ। गरेका गल्तीहरू स्वीकार गरी जनतासमक्ष आत्मालोचना गरी क्षमा मागेमा जनताले एकचोटि क्षमा दिन तयार हुने छन्। क्रान्तिकारी अभियानमा साथ दिन पनि तयार छन् भन्ने कुरा बुझ्नुपर्दछ। अबको क्षमायाचना खाली ओठे रूपमा हामीले गल्ती गर्‍यौं भनेर पुग्दैन, व्यवहारमै देखाउन सके मात्र पुनः विश्वास प्राप्त गर्न सकिन्छ।

नेपालमा कम्युनिस्ट विचारधारा राख्नेहरू बहुमतमा भएको कुरा प्रमाणित भएको छ। यी जनतालाई संगठित गरेर क्रान्तिको अभियान चलाउन सक्ने क्रान्तिकारी पार्टी र नेतृत्वमा जनताले खोजेका छन्। यदि सक्षम र गतिशील नेतृत्व, सिद्धान्त र व्यवहारमा समेत क्रान्तिलाई आत्सात् गरेको पार्टी भएमा मुलुकले छिट्टै क्रान्तिकारी रूपान्तरण गर्न सक्छ। तर, नेपालका कम्युनिस्ट पार्टी भनेका प्रायः सबै गुठीजस्ता भएका छन्। यसका नेताहरू यो सानो गुठीका गुठियार भएर सत्ताबाट लाभ लिनुलाई नै कम्युनिस्ट आदर्श र सिद्धान्त मानेकाले जनतालाई ठुलो धोका भएको छ।

माओवादी पार्टीले सशस्त्र युद्ध उत्कर्षमा पुर्‍याएर शान्तिपूर्ण प्रक्रियामा आउनुभन्दा अगाडि नै साम्राज्यवादीहरूले यसलाई समाप्त पार्ने 'ग्राण्ड डिजाइन' तयार गरिसकेका थिए भन्ने कुरा २०६० सालमै अमेरिकी समाजशास्त्री इस्टफेनस्यानले भनेको 'अब १० वर्षभित्र माओवादी समाप्त हुन्छ' भन्ने भनाइबाट पुष्टि हुन्छ। यस्तै भारतका साउथ ब्लकका सल्लाहकार एसडी मुनीले 'हिमालबाट तल झार्दा' भनी लेखेको कुराले पनि अमेरिकी साम्राज्यवाद मात्र होइन, नेपालमा माओवादीलाई समाप्त गर्न चाहने डिजाइनअन्तर्गत अन्यले पनि काम गरिरहेका थिए भन्ने कुरासमेत प्रस्ट भएको छ। कतिपयले त १२ बुँदे सम्झौता गराउनुलाई समेत माओवादी समाप्त गर्न रचिएको योजना थियो भन्ने रूपमा लिँदै आएका छन्।

यो दश वर्षको अवधिमा माओवादीलाई समाप्त गर्न माओवादीलाई टुक्राटुक्रा गर्ने काम गरेको देखिन्छ। स्वयं अध्यक्ष प्रचण्डले अहिलेको केन्द्रीय बैठक चलिरहेको अवस्थामा माओवादीलाई साम्राज्यवादले फुटाएको भनी दिएको अभिव्यक्तिले गर्दा कसरी पार्टीभित्र साम्राज्यवादीहरूको सक्रिय चलखेल भएको छ भन्ने कुरा प्रस्ट भएको छ।

माओवादी पार्टीको विभाजनले गर्दा माओवादी अत्यन्त कमजोर भएको छ। पहिलो संविधानसभाको पछिल्लो अवस्थामा भएको एमाओवादीको विभाजनले गर्दा संविधान नै बन्न नदिएर संविधानसभा नै विघटन भएको थियो। यो विभाजनपछि एमाओवादी पहिलो शक्तिबाट खुम्चिएर एक चौथाई मात्र रहन गयो भने फुटेर गएका वैद्य माओवादी पार्टीहरू अस्तित्व संकटमा परेका छन्। यस्तै, वैद्य माओवादीबाट पनि फुटेका विप्लव माओवादीहरू आफ्नो अस्तित्व देखाउन प्रचारमा मात्र बाँच्नुपर्ने स्थितिमा पुगेका छन्। मातृका यादव माओवादीको हालत पनि यस्तै रहेको छ। पछिल्लो चोटि बहिर्गमन भएका बाबुराम भट्टराईले त एमाओवादी पार्टीलाई मात्र होइन, माओवादी विचारलाई समेत समाप्त पार्न 'नयाँ शक्ति'का नाममा सिद्धान्तमा नै दिग्भ्रमित हुने काम गरिरहेका छन्। डा. भट्टराईको बहिर्गमनको स्थिति र त्यसपछिको गतिविधिले गर्दा उनलाई नवसाम्राज्यवादीहरूले एमाओवादीलाई समाप्त पार्न र सशस्त्र युद्धका उपलब्धिलाई समेत समाप्त गर्न प्रयोग गरेका भन्ने कुरा देखिँदै छ। अहिलेको प्रायोजित तराई आन्दोलन नेपालमा बढ्दो माओवादीलाई रोक्न र समाप्त गर्न भएको आन्दोलन हो भन्ने देखिएको छ। यो आन्दोलनमा मधेसी दलहरूका शिखण्डी खडा गरी नयाँ दिल्लीको माओवादी र बढ्दो कम्युनिस्टविरुद्धको प्रहार थियो भन्ने कुरा प्रमाणित भएको छ।

पछिल्लो अवस्थामा यिनै मधेस आन्दोलनको नाममा चारबुँदे रोड म्याप र तिनबुँदे प्रस्ताव भनी नाकाबन्दी समाप्त गर्ने काम भारतले गरेर नेपालको सार्वभौमिकतामाथि प्रभुत्व कायम गर्ने काम भएको छ। २००७ सालमा राजा त्रिभुवनलाई लैनचौरको राजदूतावास पुर्‍याएर भारत लगेर राणा सरकारसँग पाँचबुँदे सहमति गरी त्रिभुवनबाट ल्याप्चे लगाएर नेपालको सार्वभौमिकतालाई नै सौदाबाजी गरिएको थिए। अहिले पनि त्यही कार्य भएको छ। मधेसकेन्द्रित दललाई बालुवाटार पुग्न नदिई लैनचौरको दूतावासबाट दिल्ली लगिनु र कमल थापा र सुष्मा स्वराजका वार्ता तथा मन्त्रिपरिषद्बाट तिनबुँदे प्रस्ताव भारतलाई पठाएर लैनचौरमा मधेसकेन्द्रित दलहरूलाई बोलाएर राजदूत रञ्जित रायले आन्दोलन टुंग्याउन दिएको दबाबले गर्दा १६ बुँदे सहमतिले नेपालले आफूलाई स्वतन्त्र देखाउने काम गरेकोमा ६ महिना पनि नबित्दै दिल्लीको औपनिवेशिक दबाबलाई थेग्न सकेन भन्ने देखिन्छ। संविधान कार्यान्वयन गर्न दिल्लीको अनुमोदन चाहियो। यसले गर्दा स्वतन्त्र भनिएको मुलुक भारतीय उपनिवेशअन्तर्गत गएको छ। यसैले गर्दा जतिसुकै चीनको विकल्पको गफ गरे पनि आफ्नो स्वतन्त्र अस्तित्व जोगाउन सकेन। यसैले, अहिले राष्ट्र गम्भीर संकटमा परेको छ।

यसरी मुलुकमा जनता संकटमा परेका छन् भने राष्ट्रसमेत खतरामा गएको अवस्थामा कमजोर भएको एमाओवादी एक्लैले मात्र यी संकटलाई सामना गर्न सक्ने अवस्था छैन। एमाओवादीले पार्टीलाई पुनः संगठित गर्ने र पहिलाकै स्थानमा पुर्‍याई आफ्नो राष्ट्र र राष्ट्रियताप्रतिको कार्यभार पूरा गर्न तत्कालै हिजो फुटेर गएका माओवादीहरूसँग एकता गर्नुपर्दछ। केन्द्रीय समितिमा पनि फुटेर गएका पार्टीहरूबिच एकता गर्नुपर्ने प्रस्ताव रहेको छ। केन्द्रीय महाधिवेशनको प्रस्ताव गरी ६ महिनासम्म पार्टी सुदृढीकरणको निर्णय गरिएको छ। तर, यतिले मात्र पार्टी सुदृढीकरण हुन सक्दैन। यसका लागि सबैभन्दा पहिला छुट्टिएर गएका पार्टीहरूसँग एकीकरण गर्नुपर्दछ। यसपछि मात्र पार्टी सुदृढ हुन सक्नेछ। माओवादी पार्टीहरूबिच एकीकरण गर्न सबै पक्षले दबाब सिर्जना गर्नुपर्दछ। यो एकीकरण माओवादीले सशस्त्र क्रान्ति सुरु गरेको दिन फागुन १ गते नै माओवादी पार्टीहरूको एकताको घोषणा गर्नुपर्दछ भन्ने जनता र माओवादीको विचारका पक्षमा रहेका सबैको धारणा रहेको छ।

पार्टी कमजोर र विभाजित हुँदा सामाजवादतर्फको अभियानमा अवरोध उत्पन्न भएको छ भने भारतीय नवसाम्राज्यवादले नेपालको सार्वभौमिकता नै संकुचन पार्न सकेको हो। माओवाद विचार राख्नेहरूबिच भएको मतभिन्नताले गर्दा जनतामा समेत भ्रम उत्पन्न भएको छ। निश्चय नै माओवादीबिचमा विभाजन हुनुमा साम्राज्यवाद, भारतीय नवसाम्राज्याद तथा पार्टीभित्रका नेतृत्वहरूको अवसरवादी र सुविधाभोगी चरित्र र व्यवहार नै मुख्य जिम्मेवार रहेको छ। विभाजन जतिसुकै सैद्धान्तिक भनिए पनि यसको सैद्धान्तिक आधार देखिँदैन। नेताहरूको व्यक्तिगत ईर्ष्या र जुँगाको लडाइँ जिम्मेवार रहेको देखिन्छ। नेपालका कम्युनिस्ट नेताहरू सर्वहारा वर्गका नभई सामन्तीहरूका छोरा, भाइभतिजा तथा कुनै न कुनै तरिकाले दरबारबाट नजिक रहेका नातागोता रहनु नै मुख्य जिम्मेवार रहेको देखिन्छ। यसैबाट सत्ताको प्राप्तिका लागि पार्टीभित्र गुटबन्दी मौलाएको हो। पार्टीमा सुदृढीकरण र सैद्धान्तीकरण नहुँदा अराजकता फैलिएर पार्टीमा प्रणाली नै विकसित हुन सकेन यसको स्वाभाविक परिणाम विभाजन हुन पुग्यो। यसैले सामान्तवादी चरित्र र व्यवहार रहिरहन्छ, कम्युनिस्ट पार्टी सुदृढ हुन सक्दैन।

सुरक्षित वैदेशिक रोजगारका चुनौती

■ राजु पौडेल

नेपालको झन्डै एक चौथाइ जनसंख्या देशको भुगोलभन्दा काहिर रहेको भन्ने तथ्य सार्वजनिक हुँदै आएको सन्दर्भमा नेपालमा सप्ताहव्यापी १६औं आप्रवासी दिवस मनाइरहेका छौं। विज्ञान प्रविधिको अभूतपूर्व विकास र बढ्दो भूमण्डलीकरणले सूचना र सञ्चारमा सबैको सहज पहुँच भएको छ। व्यापार-व्यवसाय, अध्ययन-अध्यापन र भ्रमणजस्ता स्वेच्छिक उद्देश्यले देशको भूगोल पार गर्नेको भन्दा दैनिक गुजाराका लागि अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्नेको संख्या उल्लेख्य छ। मध्यपूर्व एवं मलेसियामा पाइला टेक्नेबित्तिकै दक्षिण एसियाली मुलुकका सामान्य श्रमिकको श्रम अधिकारको चौपट अवस्था प्रस्ट हुन्छ। त्यस्तै, विश्व श्रम गन्तव्यमा अहिले करोडौं आप्रवासी नागरिक आफ्नो र परिवारको दैनिक गुजाराका लागि संघर्षरत छन्। सस्तो श्रमिक ज्याला र न्यून सुरक्षाबिच अन्तर्राष्ट्रिय श्रम बजारमा गुज्रिएको श्रमिकको जीवनले सुरक्षित वैदेशिक रोजगारीको मुद्दालाई पटकपटक सतहमा ल्याइदिने गरेको छ।

दक्षिण एसियामा बसोबास गर्ने जनताको कल्याण र जीवनस्तरमा सुधार गर्ने उद्देश्यले स्थापित दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) ३१औं वर्षमा प्रवेश गरेको छ। 'शान्ति र समृद्धिका लागि गहन एकता' भन्ने मूल नाराका साथ सार्कको १८औं शिखर सम्मेलन गत वर्ष काठमाडौंमा चल्दै गर्दा सार्क राष्ट्रबाट कामका लागि प्रवासिने श्रमिकहरूको समान सेवा सुविधा, सुरक्षा र श्रमिक ज्यालाको मुद्दा छलफलमा समेटिएको थियो। यो छलफलले के-कस्तो सम्बोधन पायो भन्नेबारे सार्वजनिक भएको छैन। तर, सामान्य दैनिकी गुजाराका लागिसमेत सस्तोमा श्रम बेच्न विश्व श्रम बजारमा प्रवेश गर्ने श्रमिकको बढी संख्या यही क्षेत्रमा बसोबास गर्दै आएको छ। सार्क मात्र नभएर श्रमिककै मुद्दालाई हेर्ने गरी स्थापित कैयन् संघसंगठन विश्वस्तरमा स्थापित छन् भने स्थानीय सरकारी, गैरसरकारी संघसंस्थाको संख्या पनि श्रमिकका आवाजलाई सम्बन्धित निकायमा पुर्‍याउन पर्याप्त छ। यद्यपि, आधारभूत रूपमै असुरक्षित प्रवासन रोज्न श्रमिक बाध्य हुँदै आएका छन्। श्रमजीवी विश्व नागरिकको पीडा आफ्नै वजनको होला, जसको अन्तर्य खोतल्न ठुलै मेहनत गर्नुपर्छ। तर, आफैंले देखेको भोगेको हाम्रो सुरक्षित वैदेशिक रोजगारीको मुद्दा नारामा मात्र सीमित छ, जसले लाखौं नेपाली युवाको जीवनलाई जोखिममा धकेलेको छ।

सन् १८१६ को सुगौली सन्धिपछि तत्कालीन ब्रिटिस इन्डियाले ठाउँठाउँमा भर्ती केन्द्र स्थापना गर्दै छनोटमा परेका युवाहरूलाई सुरक्षा फौजमा प्रवेश गराएर प्रारम्भ भएको नेपालको वैदेशिक रोजगार अहिले १ सय १० देशसम्म फैलिएको छ। तर, विडम्बना, यी देशमध्ये बहराइन, कतार, संयुक्त अरब इमिरेट्स, जापान, कोरिया र इजरायलसँग मात्र श्रम सम्झौता गरिएको छ। बाँकी १ सय ४ देशमा सस्तोमा पोखिएको श्रम जोखिमयुक्त त छ नै, अप्ठ्यारो पर्दा कानुनी उपचारको मार्गसमेत अवरुद्ध छ। श्रम सम्झौता नगरिएका मध्यपूर्वस्थित कतिपय यस्ता देश छन्, जहाँबाट मृत शरीर ल्याउन मात्र महिनौं लाग्छ। क्षतिपूर्ति, बिमा, उपदानजस्ता सुविधाको प्राप्तिमा ठुलै संघर्ष गर्नुपर्छ। त्यस्तो वियोगमा त्यति लामो समयसम्मको मानसिक तनाव र हैरानी भोग्नुपर्ने सम्बन्धित परिवारको बाध्यतामा कमजोर कानुनी हैसियत जिम्मेवार मानिन्छ। श्रम सम्झौता भएका मुलुकमा यस्ता मुद्दाको स्वाभाविक जिम्मेवार रोजगारदाता मुलुक नै हुन्छ। श्रम सम्झौता नभएका मुलुकमा मानव श्रमशक्ति निर्यात गर्ने एजेन्सी र रोजगारदाता कम्पनी जिम्मेवार ठान्ने आमप्रचलन छ। तर, सरकारसँगको सिधा पहुँच नभएका एजेन्सी एवं कम्पनीले त्यस्ता प्रकृतिका समस्यालाई छिचोल्न सक्दैनन्। नेपाली दूतावास, कूटनीतिक नियोग अथवा सामाजिक संघ/संगठनसमेत त्यस्ता प्रकृतिका समस्यालाई सहजीकरण गर्ने भूमिकामा सीमित हुन्छन्। देशको यत्रो युवा जनशक्ति प्रवासिएको छ। आफ्नो देशको नागरिक विश्वको कुनै भूगोलमा किन नहोस्, सुरक्षाको जिम्मेवारी राज्यको हुन्छ। यस्ता न्यूनतम आधारभूत मुद्दाको सम्बोधन समयमै नहुँदा राष्ट्रले ठुलो घाटा त बेहोरेकै छ, प्रवासिएका देशका नागरिकसमेत कदमकदममा असुरक्षित छन्।

वैदेशिक रोजगार स्वयं श्रमिकको स्वेच्छाले अपनाइने पेसा होइन, न त बेरोजगारीको समस्यालाई निमिट्यान्न पार्न राज्यले अपनाउने दीर्घकालीन विकल्प नै हो। घरायसी समस्याले बेसरी च्याप्दै लगेपछि वैदेशिक रोजगारको विकल्प रोज्न बाध्य लाखौं युवाको रेमिट्यान्सले राष्ट्रको आर्थिक गतिविधि जेनतेन चलेको छ। श्रमिकका परिवार पनि चलेका छन्। यो जनशक्तिको ऊर्जालाई देशकै सिमानाभित्र उपयोग गर्न सक्ने वातावरण निर्माण भएको भए न त परिवार न त राज्य नै यसरी चल्नुपर्ने अवस्थाबाट गुज्रिन्थे। तर, हामीसँग विद्यमान अर्थतन्त्रको आकार र औद्योगीकरणको अपर्याप्त विकासले देशकै भूगोलभित्र दौडिने कल्पना कागजी मात्र हुन्छ। त्यसैले, सुरक्षित वैदेशिक रोजगारीको मुद्दा तत्काल राष्ट्रिय प्राथमिकतामा पर्नुपर्ने हुन्छ, त्यसका लागि यी बाँकी १ सय ४ देशको श्रम सम्झौता पनि टुंगोमा पुर्‍याइनुपर्छ।

उर्वर उमेरका युवालाई एउटा सामान्य सम्झौताका आधारमा सात समुद्र कटाउन सक्ने म्यानपावर एजेन्सीले श्रमिकलाई भइपरी आउने समस्याको बोझ सबै कूटनीतिक केन्द्र र राज्यतिर पन्छाएर आफूले आाखा चिम्लिन्छ। गाउँको स्थानीय एजेन्टदेखि रोजगारदाता कम्पनीसम्मको समन्वय मिलाएर व्यवसाय सञ्चालन गर्ने एउटा म्यानपावर कम्पनीले श्रमिकका समस्यालाई उसको परिवार र सम्बन्धित निकायसम्म समन्वय गरी समाधानका उपाय पत्ता लगाउने हैसियतसमेत निर्माण गर्नुपर्छ।

नेपालबाट कामको खोजीमा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्ने अधिकांश अर्धदक्ष र अदक्ष श्रमिक हुन्। यस्तो सीप भएका जनशक्तिले अन्तर्राष्ट्रिय श्रम बजारमा प्राप्त गर्ने अवसर स्वभावतः कम प्रतिफल भएको वा जोखिमयुक्त हुन्छ। जोखिम मोलेर गरिने कामको प्रतिफल उच्च हुनुपर्ने विश्व परम्परा छ तर नेपाली श्रमिक त्यो प्राकृतिक न्यायको सिद्धान्तबाट समेत वञ्चित छन्। अस्थिर घरायसी राजनीतिले यस्ता कुरालाई सामान्य ठान्छ, ध्यान दिन आवश्यक मान्दैन। तसर्थ, सीपयुक्त जनशक्तिको विकास र प्रवर्द्धनका लागि सरोकारवाला संघसंस्था, निजी क्षेत्र र राज्यको सहकार्यमा श्रमिकका लागि स्थानीय तहसम्म पुग्ने तालिमको व्यवस्था गरिनुपर्छ।

जवाफदेहिताको अभाव हाम्रो मूल समस्या हो। उर्वर उमेरका युवालाई एउटा सामान्य सम्झौताको आधारमा सात समुद्र कटाउन सक्ने म्यानपावर एजेन्सीले श्रमिकलाई भइपरी आउने समस्याको बोझ सबै कूटनीतिक केन्द्र र राज्यतिर पन्छाएर आफूले आँखा चिम्लिन्छ। गाउँको स्थानीय एजेन्टदेखि रोजगारदाता कम्पनीसम्मको समन्वय मिलाएर व्यवसाय सञ्चालन गर्ने एउटा म्यानपावर कम्पनीले श्रमिकका समस्यालाई उसको परिवार र सम्बन्धित निकायसम्म समन्वय गरी समाधानका उपाय पत्ता लगाउने हैसियतसमेत निर्माण गर्नुपर्छ।

आफ्नो बाहुबल बेचेर अन्तर्राष्ट्रिय श्रम बजारमा आर्जन गरेको रेमिट्यान्स उत्पादनशील क्षेत्रमा आकर्षित नहुँदा श्रमिकको विदेश बसाइ लम्बिएको हो। यसरी लम्बिने बसाइले श्रमिकको पारिवारिक सम्बन्ध एवं प्रवास बसाइमा समेत तनाव तथा शत्रुता पैदा गर्दछ। तसर्थ, लम्बिँदो विदेश बसाइ पनि सुरक्षित वैदेशिक रोजगारको मुख्य चुनौती हो। रेमिट्यान्समा आश्रित परिवारलाई स-साना आयमूलक कार्यमा सरिक गराउने नीतिगत व्यवस्था राज्यले गर्न सके आश्रित परिवारका सदस्यको दैनिकी ऊर्जाशील बन्छ। रेमिट्यान्सको हिस्सा पनि बचतमा रूपान्तरण गर्न सहज हुन्छ। यसरी बचतमा आउने रेमिट्यान्सको हिस्सामा सहुलियतपूर्ण वित्तीय सहयोग थपेर निश्चित समय वैदेशिक रोजगारमा रहेको व्यक्तिलाई देशकै सिमानाभित्र उत्पादनशील कार्यमा आकर्षित गर्न सकिन्छ। महत्त्वाकांक्षी नीतिगत व्यवस्थाले पढ्दापढ्दै वा बिचैमा पढाइ छाडेर दैनिक गुजाराका लागि प्रवासिएको सामान्य नागरिकलाई समेट्न नसकेको यथार्थलाई सत्यमा रूपान्तरण गर्ने एक मात्र विकल्पका रूपमा राज्यले यसलाई शीघ्र कार्यान्वयनमा ल्याउनुपर्दछ।

आजभन्दा झन्डै साढे ७ सय वर्षअघि नेपालको अद्वितीय कला बेच्न चीनको स्वशासित क्षेत्र तिब्बत गएका कलाकार अरनिकोको सम्मानित इतिहाससँग जोडिएको हाम्रो वैदेशिक रोजगार अहिले सस्तोमा श्रम बेच्ने अवस्थामा आइपुगेको छ। यसलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने कर्तव्य हामी सबैको हो। ज्ञान-विज्ञान, प्रविधि र आपसको वैदेशिक पहुँचले नागरिक स्तरको अन्तर्राष्ट्रिय सम्बन्धसमेत आगामी दिनमा घट्ने सम्भावना छैन। तसर्थ, वैदेशिक रोजगार अहिलेका लागि मात्र नभएर छोटोछोटो बसाइका लागि आगामी दिनमा समेत विकल्प हुन सक्छ। सम्भव भएसम्म कम्तीमा उच्च माध्यमिक शिक्षाको पाठ्यक्रममा यसलाई ऐच्छिक विषयका रूपमा समेट्दा सुरक्षित वैदेशिक रोजगारको आधारभूत सैद्धान्तिक ज्ञान इच्छुक सबैले लिन पाउँछन्।

दक्षिण एसिया

आप र भाजपा विवाद

दिल्ली जिल्ला क्रिकेट संघ (डीडीसीए) मा खराब कार्य गरेको भन्ने आरोपका सम्बन्धमा अर्थमन्त्री अरुण जेट्ली र दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालका सर्न्दभमा तिन भिन्न आयाम रहेका छन्। पहिलो त यो आम आद्मी पार्टी र भारतीय जनता पार्टी (भाजपा) बिचको विशुद्ध द्वन्द्व हो। दोस्रो, यस घटनाले भाजपाभित्रका गतिशील व्यक्तिलाई असर गरेको छ र तेस्रो, प्रतिस्पर्धी राजनीतिमा खेललाई बचाउने विषय।

आप भर्सेज भाजपा विवादमा अर्थमन्त्रीको राजीनामा माग गर्दै संसद्को बैठक अवरुद्ध भएको थियो। भाजपा नेता एलके आडवाणीजस्तै जेट्ली पनि आफूमाथि लागेका सम्पूर्ण आरोपबाट मुक्त हुने प्रधानमन्त्री नरेन्द्र मोदीले दाबी गरेका छन्। केजरीवाल र अन्य व्यक्तिले क्षति पुर्‍याएको भन्दै जेट्लीले १० करोड रूपैयाँ क्षतिपूर्तिसमेत माग गरेका छन्।

अर्कोतर्फ दिल्ली सरकारले सो विषयमा छानबिन गर्नुपूर्व महान्यायाधिवक्ता गोपाल सुब्रमण्यमको नेतृत्वमा छानबिन आयोग गठन गरेको छ। दिल्ली विधान सभाले सो विषयमा छलफल गररिहेको छ र जेट्लीले अनुसन्धान आयोगलाई सहयोग गरी आफ्नो निर्दोषिता पुष्टि गर्नुपर्ने केजरीवालले बताएका छन्। तर, जेट्लीविरुद्धको अभियोग सीबीआईले केजरीवालका प्रमुख सचिव राजेन्द्र कुमारमाथि छापा मारेको केही दिनपछि मात्र लगाइएको छ। अन्ततः यो मुद्दालाई अदालतबाट सल्टाइनेछ।

भाजपाको आन्तरिक मोर्चामा प्रधानमन्त्री नरेन्द्र मोदी र भाजपा अध्यक्ष अमित साहले जेट्लीलाई समर्थन गरेका छन्। तर, दरभंगाबाट प्रतिनिधित्व गर्ने सांसद कृति अजादले जेट्लीको कार्यकालमा डीडीसीएमा छानबिन गर्नुपर्ने मागप्रति भने भाजपाले खासै चासो देखाएको छैन। यस मुद्दाले खेल महासंघमा भएको गडबडीलाई प्रकाश पार्नुका साथै आफूले काम गर्ने सन्दर्भमा राजनीतिज्ञहरू विभिन्न प्रकृतिका अनियमिततामा संलग्न हुने प्रवृत्तिलाई पनि दर्साउँछ।

डीडीसीएको गतिविधि यति घिनलाग्दो भएको थियो कि गत साता दिल्लीको उच्च न्यायालयले फैसला गरेपछि भारत र दक्षिण अफ्रिका टेस्ट म्याच आयोजना भएको थियो। अहिले खेल क्षेत्रलाई स्वच्छ बनाउने समय हो। त्यस्तै खेलमन्त्री अजय मेकनले सन् २०११ मा ल्याएको खेल विधेयकलाई पुनः ब्युँताउने बेला भएको छ।

खेल क्षेत्रमा कठोर पारदर्शिता, कार्यालय पदाधिकारीहरूको निश्चित कार्यकाल र खेल निकायहरूमा हुने व्यक्तिगत नियन्त्रणविरुद्ध रक्षा सो विधेयकका विशेषता हुन्। मनमोहन सिंहको तत्कालीन सरकारले सो विधेयकलाई भिटो प्रयोग गरी रोकेको थियो।

(भारतबाट प्रकाशन हुने 'टाइम्स अफ इन्डिया'को सम्पादकीयबाट)

लेख तथा प्रतिक्रियाका लागि
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

'रसियाली हमलामा दुई सय सर्वसाधारण मारिए'

एजेन्सी
न्युयोर्क, ८ पुस

सिरियामा रसियाले गरेको हवाई आक्रमणमा कम्तीमा पनि २ सय सर्वसाधरण नागरिकको मृत्यु भएको छ । दुई महिनाको अवधि अर्थात् ३० सेप्टेम्बरदेखि २९ नोभेम्बरसम्म भएको हवाई आक्रमणमा सो संख्यामा सर्वसाधारण मारिएको एम्नेस्टी इन्टरेसनलले जारी गरेको एउटा प्रतिवेदनमा उल्लेख छ। सर्वसाधरणको बसोबास रहेको क्षेत्रमा रसियाले सामूहिक बम आक्रमण गरेको सो मानव अधिकार समूहले जनाएको छ । यस्ता आक्रमणबाट युद्ध अपराध भएको पनि उसले जनाएको छ।

उता, मस्कोले सिरियामा आतंककारी समूहलाई लक्ष्य गरी हवाई आक्रमण गरेको दाबी गरेको छ। सिरियामा अमेरिकी गठबन्धनले गरेको हवाई आक्रमणका विषयमा पनि उसले चासो देखाएको सो रिपोर्टमा उल्लेख छ । इस्लामिक स्टेटविरुद्धको हवाई हमलामा सर्वसाधरण नागरिकहरुको हत्या गरिएको विषयलाई अमेरिकाले पनि अस्वीकार गर्दै आएको छ ।

रसियाले यसै वर्षको सेप्टेम्बरदेखि हवाई हमला सुरु गरेको हो । सिरियाली राष्ट्रपति बसार अल असदको आग्रहमा रसियाले सो हमला गरेको हो । रसियाले आईएस लडाकू र अन्य आतंकवादी समूहलाई लक्ष्य गरी सो हमला गरेको हो ।

रसियाले होम्स, हामा, लताकिए, एपोलोलगायतका सहरमा गरेको २५ बढी हमलमा गैरसैनिक नागरिक मारिएको एम्नेस्टीको प्रतिवेदनमा उल्लेख छ। आक्रमणका विषयमा एम्नेस्टीले साक्षीसँग फोनमार्फत समेत सोधेको थियो ।

त्यस्तै, आक्रमणको अडियो भिडियो प्रमाणसमेत फेला परेका छन् । ठुलो जनसंख्या भएको क्षेत्रमा रसियाली सेनाले गैरकानुनी ढंगले बम विस्फोट गराएको पनि एम्नेस्टीले जनाएको छ ।

यसैबिच, सिरियाली विद्रोहीले सरकारी पक्षबाट देशको राजधानी दमास्कसको दक्षिण पश्चिममा मंगलबार रातभर अन्धाधुन्ध गोलाबारुद वर्षा गरिएको दाबी गरेका छन् । विद्रोहीको प्रभाव रहेको दमास्कसको दक्षिण पश्चिममा सरकारी सुरक्षा फौजले हेलिकोप्टरबाट गोलाबारुद खसालेको स्थानीय सञ्चारकर्मीले बताए । सरकारले सो इलाकामा रकेटद्वारा आक्रमणसमेत गरेको बताइएको छ ।

प्रत्यक्षदर्शी एक सञ्चारकर्मीले सरकारी आक्रमणपछि गोलाबारुद पड्केको मोहदामिया वरपर धुवाँ भरिँदा श्वासप्रश्वासमा समस्या भई विद्रोहीको त्यहीँ मृत्यु भएको थियो। महदामिएहले सरकारी पक्षबाट विषालु ग्याँस लोड गरिएको रकेटद्वारा विद्रोहीलाई निसाना बनाई मंगलबार राति आक्रमण गरिएको दाबी गर्नुभएको छ ।

विद्रोही पक्षका लडाकू र सरकारी सुरक्षाकर्मीबिच झडप भएपछि सेनाले सो स्थानमा हवाई आक्रमण गरेको अहमद नाम गरेका एक विद्रोहीले बताए। विषालु ग्याँसद्वारा आक्रमण भएकोबारे स्वतन्त्र रूपमा पुष्टि भने भएको छैन ।

बैठकमै कुवेती सांसदको मृत्यु

कुवेत/एजेन्सी– कुवेतका एक विधायकको संसद् बैठकका क्रममा मृत्यु भएको छ। ६६ वर्षीय विधायक नबिल अल फादहलको संसद् बैठकमा आफ्नो भनाइ राखेको केही समयपछि आफू बसेको स्थानमा नै निधन भएको सभामुख मार्जौक अल धानेभले जानकारी दिएका छन् ।

मृतक विधायक फाद्हलले स्वतन्त्र उम्मेदवारका रूपमा विधायन सभामा प्रीतिनधित्व गरेका थिए । सभामुख धानेभले बैठकको सिलसिलामा विधायकको निधन भएपछि सदनको सो दिन तोकिएका सबै कार्यक्रमलाई स्थगित गरी बैठकको अन्त्य गरेका थिए ।

ग्रिसमा समलिंगीलाई कानुनी मान्यता

एजेन्सी
एथेन्स, ८ पुस

ग्रिकको संसद्ले समलिंगीलाई पनि कानुनी मान्यता दिएको समाचार छ । बुधबारको संसद् बैठकले सो कानुन पारित गरेको बताइएको छ। ग्रिक संसदले समलिंगी विवाहलाई कानुनी मान्यता दिएपछि युरोपेली देशहरूमा यो कानुन निर्माण गर्ने अन्तिम देश बनेको पनि समाचारमा जनाइएको छ ।

विपक्षीहरूले विगत लामो समयदेखि यस्तो मान्याताका लागि आवाज उठाउँदै आएका थिए । उनीहरूले यस कानुनको स्वागत गरेका छन् । यसअघि बेलायत, फ्रान्स, स्पेनसहित युरोपका कैयौं देशले पुरुष समलिंगीको विवाह अधिकारको कानुन बनाइसकेका छन् । तर, कतिपय दक्षिणी तथा पूर्वी युरोपेली देशहरूले भने सोसम्बन्धी कानुन निर्माणका क्षेत्रमा भने निकै नै मन्द गतिमा प्रगति गरिरहेका छन् ।

नयाँ कानुनले समलिंगीहरूले विवाह गरेपछि अपुताली, उत्तराधिकारी र सम्पत्तिसम्बन्धी मुद्दाको सम्बोधन गरेको भए पनि धर्मपुत्र धर्मपुत्री राख्न भने नपाउने व्यवस्था गरेको छ । कानुन निर्माणसँगै प्रधानमन्त्री अलेक्सिस सिप्रासले मानव अधिकारका लागि यो सबैभन्दा महत्त्वपूर्ण दिन भएको बताए ।

यसअघि सन् २०१३ मा युरोपेली युनियनको मानव अधिकारसम्बन्धी अदालतले ग्रिकको निकै आलोचना गरेको थिए । यही कानुन बनाउन नसकेकोमा उसको विरोध भएको थियो ।

सार्वजनिक सूचना

जिल्ला सुनसरी इटहरी उपमहानगरपालिका वार्ड नं. १२/क को विद्यादेवी मित्तलको नामको कि.नं. ४/ख १५ को जग्गा ०-२-२ मा विभिन्न किसिमका रड उत्पादन गर्ने उद्योग स्थापना गर्दा स्थानीय छरछिमेकी र वातावरणलाई कुनै प्राकृतिक असर पर्छ-पर्दैन, पर्ने भए के गर्दै जानु पर्ने हो खुलाई १५ दिनभित्रमा वातावरण संरक्षण नियमावली २०५४ को ७(२) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

रायसुझाव पेश गर्ने स्थान :
घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरी
इटहरी उपमहानगरपालिका, एकीकृत वडा समितिको कार्यालय, खनार

प्रस्तावक
अर्जुनकुमार बाराकोटी
इटहरी-१

नेपाल सरकार
सुचना तथा सञ्चार प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
हेटौडा, मकवानपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयबाट मिति २०७२।०७।२४ गते प्रकाशित बोलपत्र १।०७२।७३ को सूचना अनुसार दर्ता हुन अएका बोलपत्रहरु मध्ये तल उल्लेख भएको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृती गर्न आशयको सूचना सम्बन्धी सबै बोलपत्र दाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

बोलपत्र नं.	छनौट भएको बोलपत्रदाता	कबोल रकम रु. (मु.अ.कर बाहेक
१।०७२।७३	साहारा कन्स्ट्रक्सन हेटौडा-१	२०,९५,८१६।-

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
जिल्ला हुलाक कार्यालय
हेटौडा, मकवानपुर

भवन निर्माण सम्बन्धि बोलपत्र आव्हानको सूचना

यस जिल्ला हुलाक कार्यालय हेटौडा मकवानपुरमा कार्यालय भवन निर्माण सम्बन्धि कार्यको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले कानून बमोजिम रित पुगेका ईच्छुक नेपाली व्यक्ति, फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्मको कार्यालय समयभित्र यस कार्यालयबाट तयार गरिएको गोप्य शिलबन्दी टेण्डर फारम खरिद गरी रीतपूर्वक भरी ३१ औं दिनको १:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्न आव्हान गरिन्छ । अनुमानित लागत रकम भ्याट बाहेक रु २१०५९६३।८८ अक्षेरेपी एक्काईस लाख पाँच हजार नौ सय त्रीसट्ठी रुपैया अठासी पैसा मात्र रहेको छ। विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

हिमाल हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड को

तेइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको **तेइसौं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त वार्षिक साधारण सभामा भाग लिन आफै उपस्थित हुन वा रितपूर्वकको प्रतिनिधी मनोनयन गरी पठाउनु हुन सञ्चालक समितिको निर्णयानुसार सबै शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ । साथै संस्थागत शेयरधनीले पनि आफ्नो संस्थाको प्रतिनिधित्व गर्न रित पुर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन अनुरोध छ ।

सभा हुने मिति : २०७२ साल पुस ३० गते, बिहीबार (१४ जनवरी २०१६)
समय : दिउँसो २:०० बजे ।
स्थान : हिमाल हाइड्रो, प्रधान कार्यालय, जावलाखेल ।

सभामा छलफल हुने विषय सूची :
१. अध्यक्षज्यूबाट सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुति र त्यसको स्वीकृति ।
२. लेखा परीक्षकको प्रतिवेदन सहित लेखा परीक्षण भएको आ. व. २०७१/७२ को नाफा नोक्सान हिसाब, उक्त आ. व. को नगद प्रवाह र २०७२ आषाढ मसान्तको वासलात प्रस्तुति र त्यसको स्वीकृति ।
३. आ. व. २०७२/७३ को हिसाव किताव लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण ।
४. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

मलेशियामा रोजगार

1 Company : SHU KEAN TECK , Malaysia
पूर्व स्वीकृती मिति : २०७२/९/८ चलानी नं. : ५५६२ LT. No.: 147473

क्र.सं.	कामदारको पद	माग संख्या	RM	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन		खाने सुविधा	बस्ने सुविधा	
1	Farm General Worker	03	900	22,500			८ घण्टा	६ दिन		छैन	छ	

2 Company : CHOW KHAI MENG, Malaysia
पूर्व स्वीकृती मिति : २०७२/९/८ चलानी नं. : ५६३३ LT. No.: 147556

क्र.सं.	कामदारको पद	माग संख्या	RM	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन		खाने सुविधा	बस्ने सुविधा	
1	Farm General Worker	01/01	900	22,500			८ घण्टा	६ दिन		छैन	छ	

3 Company : CHOI CHEE HUNG, Malaysia
पूर्व स्वीकृती मिति : २०७२/९/८ चलानी नं. : ५५६० LT. No.: 147457

क्र.सं.	कामदारको पद	माग संख्या	RM	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन		खाने सुविधा	बस्ने सुविधा	
1	Farm General Worker	01	900	22,500			८ घण्टा	६ दिन		छैन	छ	

वाईड-स्पेस इन्टरनेशनल प्रा.लि.
हाँगेष्टमुन बिल्डिङ 5th floor, टुकुचे चोक-२, गैरीधारा, काठमाडौं, नेपाल
फोन: ४४१५५६२, ४००४६५०, ४००४५५०, फ्याक्स : ४४४१९५१

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान
माटो विज्ञान महाशाखा
खुमल्टार, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रथमपटक प्रकाशित मिति २०७२/९/९

यस महाशाखाबाट आ.व. ०७२/७३ को लागि आवश्यक Fully Automatic Kjeldahl Unit खरिद गर्न ०७२/७/११ गते राजधानी दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्र मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	सू. नं.	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	सामानको नाम	कबोल अंक भ्याट समेत
१.	०१।२०७२-७३	JHS Analytic Trader भाटभटेनी, काठमाडौं ।	Fully Automatic Kjeldahl Unit	१०१३६१०।-

कतारमा रोजगार

1. Company : KALAT ALKHALEEJ TRAD & CONT.CO. सहर : Qatar
पूर्व स्वीकृती मिति : २०७२/९/८ चलानी नं. : ५५७२ LT. No.: 142737

क्र.सं.	कामदारको पद	माग संख्या	QR	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन		खाने सुविधा	बस्ने सुविधा	
1	Heavy Vehicle Driver	10	1900	55,100			८ घण्टा	६ दिन		छ	छ	

वर्ल्ड फेभर ओभरसिज प्रा.लि.
बसुन्धरा, काठमाडौ फोन : 4362800, 4385123 , 4362801
सम्पर्क : 9851128259, 9852033230, 9851048967, 9851032959
शाखा कार्यालय : चितवन भरतपुर (होटल रोयल सेन्चुरी नजिक)
फोन : 056-525918, सम्पर्क : 9855053915 , 9855024829

SAUDI ARABIA मा रोजगार

१. कम्पनी : AL-KHALID HOLDING COMPANY
पूर्व स्वीकृत मिति : २०७२/९/८ चलानी नं. : ५६४७ LT. No. 147994

क्र.सं.	कामदारको पद	माग संख्या	SR	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन		खाने सुविधा	बस्ने सुविधा	
1	Labour	16	1000	28,000			८ घण्टा	६ दिन		छ		
2	Trailer Driver	20	1800	50,400								

२ कम्पनी : MOTLAQ Z AL DOSSARY EST.
पूर्व स्वीकृत मिति : २०७२/९/८ चलानी नं. : ५६१४ LT. No. 147877

क्र.सं.	कामदारको पद	माग संख्या	SR	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन		खाने सुविधा	बस्ने सुविधा	
1	Truck Driver	13	1800	50,400			८ घण्टा	६ दिन		छ		

३ कम्पनी : BKHITAN HAMED AL DOSSARY EST FOR TRANSPORT GOODS & EQUIPMENT PAID
पूर्व स्वीकृत मिति : २०७२/९/८ चलानी नं. : ५६१३ LT. No. 147132

क्र.सं.	कामदारको पद	माग संख्या	SR	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन		खाने सुविधा	बस्ने सुविधा	
1	Truck Driver	01	1800	50,400			८ घण्टा	६ दिन		छ		

४ कम्पनी : TEN CITY TRADING EST.
पूर्व स्वीकृत मिति : २०७२/९/८ चलानी नं. : ५६१२ LT. No. 147181

क्र.सं.	कामदारको पद	माग संख्या	SR	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन		खाने सुविधा	बस्ने सुविधा	
1	Salesman Ready Made Clothes	05	1800	50,400			८ घण्टा	६ दिन		छ		

INNOVATIVE
Human Resource Development Pvt. Ltd.
Kupondole, Lalitpur, Nepal, Tel : +977-1-5011693, Fax : +9771-1-5530829, Cell : 9851065591, 9849713720, 9813240924, 9841358064, E-mail: innovative815@gmail.com
Lic. No.: 815/066/067

UAE मा रोजगार

१ कम्पनी : EMIRATES FALCON ELECTROMECHANICAL CO. L.L.C.
पूर्व स्वीकृत मिति : 2072/09/8 चलानी नं. : 60100413 LT. No. 138138

क्र.सं.	कामदारको पद	माग संख्या		AED	ने.रु.			दैनिक काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन			
1	Wiring Electrician Assistant	10	0	1300	37,700			८ घण्टा	६ दिन		छ	छ

The River Overseas Pvt. Ltd.
Battisputali, Gaushala, Kathmandu, Nepal
Tel : +977-1-4462431, 4462432, Fax : +977-1-4462430
Email : theriver@wlink.com.np, theriveroverseas@yahoo.com
Web: www.theriveroverseas.com.np
Govt. Lic. No. 406/060/061

काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड
थापाथली, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस बोर्डको मिति २०७२/७/१४ गते गोरखापत्रमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरू मध्ये निम्न उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित बोलपत्र भएकोले सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२)को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	विवरण	आशयपत्र जारी गरिएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (भ्याट सहित)
१.	०१।२०७२-७३	Supply of Bore Hole Camera & accessories	म्याप इन्ट्रेप्रेनर्स प्रा.लि. पानीपोखरी, काठमाडौं	रु.२२६००००।-

वर्गीकृत डिस्प्ले

सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

राहदानी हरायो
मिति २०७२/२/२० गते च्यासक्दोखि मन्थलीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : चन्द्र बहादुर कामी
राहदानी नं.: २२६६१३२
ठेगाना : हिमगंगा-६, रामेछाप
सम्पर्क : ९८४४२६७९३३

Gagan International
Kathmandu, Nepal
Phone No: 01-4150003

Item	MRP (NPR)
Sony Digital Camera w	7400.00
Sony Video Camera mc2500	58500.00
Panasonic Video Camera mdh2	42500.00
Canon Digital Camera	7800.00

The above products do not carry any after sales warranty. Warranty cost is on buyer's account. All prices are including VAT.

राहदानी हरायो
मिति २०७२/७/२० गते रामघाटदेखि छिन्चुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : भुप बहादुर वि.क.
राहदानी नं.: ०८९७२५९९
ठेगाना : रामघाट-३, सुर्खेत
सम्पर्क : ९८१३९८६६६४

राहदानी हरायो
मिति २०७२/८/२ गते बर्दियाको ठाकुरद्वारादेखि भुरिगाउँसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : सोप प्रसाद थारु
राहदानी नं.: ३०१५६७०
ठेगाना : शिवपुर-९, बर्दिया
सम्पर्क : ९८०४१०८४६०

राहदानी हरायो
मिति २०७२/८/१५ गते बर्दियाको सानोश्रीदेखि गुलरियासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : सरिता कामी
राहदानी नं.: ९९०७१
ठेगाना : सानोश्री तारातल-८, बर्दिया (साविक सानोश्री २)

राहदानी हरायो
मिति २०७२/८/२ गते बाँकेको राँझादेखि नेपालगन्जसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : पुर्णिमा पुन
राहदानी नं.: ०६५६९९३८
ठेगाना : बसुदेवपुर-१, बाँके
सम्पर्क : ९८०५१२२४९१

राहदानी हरायो
मिति २०७२/७/१६ गते बर्दियाको मोहम्मदपुरदेखि गुलरियासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : सोलारी थारु
राहदानी नं.: ०८५४६९४९
ठेगाना : मोहम्मदपुर-८, बर्दिया

राहदानी हरायो
मिति २०७२/७/२५ गते कलंकीदेखि बसपार्कसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : प्रेमबहादुर घले
राहदानी नं.: ०८०८९३२१
ठेगाना : धादिङ बसेरी २
सम्पर्क : ९८१४२२२५६२

बीमालेख हरायो
मिति २०७२/७/४ गते घरमा मेरो निम्न व्यहोरा भएको Metlife (Alico)को बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : पन्ना लाल खड्गी
बीमालेख नं.: १२९२४१
ठेगाना : डल्लु, सकतिर्थ -१५, काठमाडौं
सम्पर्क : ९८४१३८२९८१

प्रधानलाई लाइफ टाइम अवार्ड

काठमाडौं/रास– विन्ध्यवासिनी फाउन्डेसनले 'विन्ध्यवासिनी लाइफ टाइम अचिभमेन्ट अवार्ड-२०७२' बाट अग्रज गायक प्रेमध्वज प्रधानलाई सम्मान गर्ने भएको छ ।

५१ हजार १ सय ५१ रुपैयां राशिसहितको यो सम्मान प्रदान गरिने आयोजक विन्ध्यवासिनी फाउन्डेसनकी अध्यक्ष लीना शर्मा रेग्मीले जानकारी गराइन् । शुक्रवार राजधानीमा हुने छैठौं संस्करणको 'विन्ध्यवासिनी म्युजिक अवार्ड-२०७२'मा प्रधानलाई सो सम्मान प्रदान गर्न लाग्दिएको हो । त्यसैगरी, पत्रकारितातर्फको २५ हजार ५ सय २५ रुपैयां राशिको 'विन्ध्यवासिनी कला पत्रकारिता सम्मान-२०७२' पत्रकार कृष्ण भट्टराईलाई प्रदान गरिने भएको छ ।

१५ हजार ५ सय १५ रुपैयां राशिको 'विन्ध्यवासिनी संगीत रत्न सम्मान-२०७२' बाट गायक राजेश पायल राईलाई सम्मान गरिने भएको छ । यस्तै, १० हजार १ रुपैयां राशि रहेको 'विन्ध्यवासिनी चलचित्र सम्मान-२०७२' संसारकै सबैभन्दा सानो उमेरका निर्देशक सौगात बिष्टलाई प्रदान गरिने अध्यक्ष रेग्मीले जानकारी गराइन् । विन्ध्यवासिनी अवार्डको छैठौं संस्करणमा ३१ विधामा प्रतिस्पर्धा हुनेछ । अवार्ड कार्यक्रम राजधानीको सुन्धारास्थित आर्मी अफिसर्स क्लबमा हुने फाउन्डेसनका सचिव परमानन्द खनालले जानकारी गराए ।

भुटानको दृश्य काटेपछि रिफ्युजी सेन्सर पास

काठमाडौं/रास– केही दृश्य काटेपछि वल्ल आफ्नो चलचित्र 'रिफ्युजी' ले चलचित्र सेन्सर बोर्डबाट 'युनिभर्सल सर्टिफिकेट' पाएको यसका लेखक निर्देशक उदय सुब्वाले बताएका छन् ।

बुधवार राजधानीमा आयोजित पत्रकार भेटघाटमा सुब्वाले भने, 'भुटानी शरणार्थीका बारेमा बनाइएको यो चलचित्रको भुटान सरकार र उसले २५ वर्षअघि त्यहाँ रहेका नेपालीमाथि ज्यादतीसहित देश निकाला गरेको दृश्य फिल्मबाट हटाउन मलाई सेन्सर बोर्डले दवाब दियो । भुटानको नक्सा, त्यहाँका केही दृश्यहरू काटेपछि वल्ल सेन्सर बोर्डले यसलाई पास गरेको छ ।'

अढाइ दशकअघि भुटानबाट लखेटिएर नेपाल आई बसेका र नेपालबाट तेस्रो मुलुक गएका १ लाख ३० हजार नेपालीभाषी भुटानी शरणार्थीको कथा-व्यथा यो चलचित्रमा समेटिएको निर्देशक सुब्वाले जानकारी गराए ।

उनका अनुसार रिफ्युजी आगामी जनवरीको पहिलो सातादेखि अमेरिका त्यसपछि बेल्जियम, क्यानाडा र अस्ट्रेलियामा प्रदर्शन गरिनेछ । त्यसको लगत्तै १५ माघबाट राजधानी तथा मोफसलका हलबाट यो सिनेमा आउनेछ ।

पत्रकार भेटघाटका क्रममा निर्माता दीपेश सुब्वाले भने, 'आफ्नो मुलुक एक दिन त जान पाइएला भनेर अझै २७ हजार शरणार्थी झापा र मोरङको शिबिरमा छन् । उनीहरूको पीडा देखेपछि यसलाई चलचित्रमा उतार्नुपर्छ भन्दै मैले लगानी गरेको हुँ,' चलचित्र सोचेभन्दा राम्रो बनेको उनले बताए ।

यो चलचित्रमा जीवन लुइंटेल, नीर शाह, रिस्ता बस्नेत, अशोक शर्मा, विपना बस्नेत, सुरबीर पण्डित, मोहन निरौला, भुपेन्द्र लिइदेन लगायतको अभिनय छ । जसमा सौरभ लामाको छायांकन, राजु किरांतीको द्वन्द्व निर्देशन, दिनेश पाखिनको नृत्य निर्देशन, तारा थापा किम्लेको सम्पादन, विकास चौधरीको संगीत, डब्बू क्षत्री र उदय सुब्वाको गीत रहेको छ ।

बलिउडको फिल्मका रेस मरहठ्ठा

काठमाडौं/रास– एक दर्जन नेपाली र केही हलिउडमा फिल्म खेलेका नेपाली अभिनेता रेस मरठ्ठाले सञ्जय शर्मा निर्देशित बलिउडको नयाँ फिल्म 'नेसनल ट्रिजर : द ब्लड रन' मा मुख्य नायकको भूमिका निर्वाह गरेका छन् ।

यो फिल्म सन् २०१६ को अन्तिमसम्म विश्वव्यापी प्रदर्शनमा आउने अभिनेता मरहठ्ठाले बुधवार राजधानीमा आयोजित पत्रकार भेटघाटमा बताए । अपने, गदर, वीरजस्ता चर्चित बलिउडम फिल्म बनाएको संकेतन ब्यानरले निर्माण गरेको यो फिल्मबाट निर्माता अनिल शर्माले आफूलाई बलिउडमा उतारेको उनले बताए ।

एक्सन प्रधान यो फिल्मको छायांकन नेपाल, बेलायत, अमेरिका र स्विडेनमा गरिएको पनि उनले बताए । मरहठ्ठाका अनुसार यो फिल्ममा विभिन्न देशका कलाकार छन् । जसमा मुख्य खलपात्रको भूमिका टाइटानिक फिल्मका कलाकार जरी कुन्नुनिनले गरेका छन् ।

आफ्नो यसअघिको काम देखेर अनिल र सञ्जयले आफूलाई सो फिल्ममा लिएको पनि यी अभिनेताले जानकारी गराए । हाली सिगापुरमा सम्पन्न एसियान युथ आइकनको उपाधि जितेका रेस यो फिल्म सफल हुनेमा आशावादी छन् । यसले आफूलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने उनको भनाइ छ ।

एक दशकअघि बलिउड फिल्म देशमा उनले मुख्य भूमिका निर्वाह गरेका थिए । निर्देशकको निधन भएपछि सो फिल्म पूरा भएन । त्यसपछि उनले नेपाली चलचित्र चाहन्छु म तिमीलाई नै मा मुख्य भूमिकामंगै चलचित्र यात्रा सुरु गरेका थिए ।

साउदी अरेबियामा रोजगार

१. कम्पनी: SAUDI MANPOWER SOLUTIONS CO. शहर : KSA

पूर्व स्वीकृत मिति : २०७२/८/२४ चलानी नं. : ५१३४ LT. No. 146659

क्र.	कामदारको पद	म्याद संख्या	तलब	मासिक तलब	हवाईभाडा	भीजा शुल्क	प्रोसिसिङ	काम	खाने	बस	बसाई
		पुरुष	महिला	SR	नेपाल देखि	नेपाल देखि	नेपाल देखि	गन्तव्य	खर्च	खर्च	खर्च
1	Labour	500	0	800	22,400	सम्बन्धित कम्पनी	कम्पनीको जिम्मा	८ घण्टा	६ दिन	छ	छ

२ वर्ष

मेडिकल गरेपि मेडिकल	रोजगार कम्पनीको मेडिकल	मेडिकल गरेपि विमा	गरेनगरेपि विमा	हवाई टिकट कम्पनी	भिसा शुल्क	सेवा शुल्क
खर्च कम्पनी गर्ने र आफ्नो	खर्च दिने-नदिने	कम्पनी गर्ने र आफ्नो	हुने-नहुने र कम्पनी	दिने र आफ्नो	दिने र आफ्नो	१००००
कामदार आफै	दिने	कामदार आफै	हुने रोजगार दाता कम्पनीको	निःशुल्क	निःशुल्क	

नेपालिक रोजगार विद्यायकमा सम्पर्कको कागजात : १. आफ्नो नागरिक निकाय आफ्नोसँग भएर कम्पनीको नाई एक एकाउन्टन होस् । एकाउन्टको एकाउन्ट नोभिस अभिभावक निकुलिए । २. आफ्नु काम गर्न जाने मुलुकका गोरो नेपाली कुटनीतिक निकोलको कागजात ठेकान र भोल सम्बन्धन कागजात राख्नुपर्दछ । आफ्नु कोटिएमा यहाँ सम्पर्क गर्न सकिने हुन्छ । ३. राम विज्ञापन (कुनाका ठेकेदारको कागजात यहाँ यहाँ एक कम्पनीलाई नोभिएमा) । ४. विदेश जाने अघि अभिमुखीकरण का हुनुपर्दछ यसिका अभिभावक निकुलिए । ५. विदेश जानुअघि आफ्नुको मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र काम कसरी गर्नुपर्ने पोइन्टका सम्बन्धिका कागजात राख्नुपर्दछ । यसको १ तेक्र: प्रति आफ्नुको राख्नुपर्दछ । ६. कागजात विदेश जाँदा नेपालकै राजदूतावाट प्रमेश गराउनुपर्दछ । आफ्नो प्रतिनि कागजात हुन्छ । ७. राम विज्ञापन कागजात यस कोटी मुलुकलाई थाम राख्ने रोजगार प्रवृद्धन विभाग, काठमाण्डमा सम्पर्क राख्नुपर्दछ ।

ग्लोबल एलायन्स कन्सल्टेन्सी सर्भिस प्रा. लि.

Global Alliance

Govt Licence no 1760 ARC 067 ATCO No. 1606667

सामाखुशी-९, गोंगबु, काठमाडौं, फोन : ४३५४८९८, ४३८१८५०, फ्याक्स : ४३८१७८१

मो.: ९८१८७६४४४९, ९८४९८१०००, ९८०३५५१२०५९

अफिस भन्दा बाहिर गरिएको कुनै पनि आर्थिक कारोबारप्रति रास कम्पनी जिम्मेवार हुनेछैन ।



कतारमा रोजगार

१. कम्पनी : NASR CITY GENERAL CONTRACTING शहर : Doha

पूर्व स्वीकृत मिति : २०७२/९/५ चलानी नं. : ५२२० LT. No. 144474

क्र.	कामदारको पद	म्याद संख्या पुरुष	महिला	मासिक तलब QR	हवाईभाडा नेपाल देखि	भीजा शुल्क नेपाल देखि	प्रोसिसिङ शुल्क नेपाल देखि	काम गन्तव्य	खाने खर्च	बस खर्च	बसाई खर्च
1	Plumber	08	1100	31,900	सम्बन्धित कम्पनी	कम्पनीको जिम्मा	८ घण्टा	६ दिन	छ	छ	[illegible]
2	Carpenter	40	1100	31,900							
3	Painter	30	1100	31,900							
4	Heavy Vehicle Driver	05	1900	55,100							
5	Labourer	30	900	26,100							
6	Plaster Worker	15	1100	31,900							
7	Reinforc Fitters	25	1100	31,900							

मेडिकल गरेपि मेडिकल	रोजगार कम्पनीको मेडिकल	मेडिकल गरेपि विमा	गरेनगरेपि विमा	हवाई टिकट कम्पनी	भिसा शुल्क	सेवा शुल्क
खर्च कम्पनी गर्ने र आफ्नो	खर्च दिने-नदिने	कम्पनी गर्ने र आफ्नो	हुने-नहुने र कम्पनी	दिने र आफ्नो	दिने र आफ्नो	१००००
कामदार आफै	दिने	कामदार आफै	हुने रोजगार दाता कम्पनीको	निःशुल्क	निःशुल्क	

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा वापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

नेपालिक रोजगार विद्यायकमा सम्पर्कको कागजात : १. आफ्नो नागरिक निकाय आफ्नोसँग भएर कम्पनीको नाई एक एकाउन्टन होस् । एकाउन्टको एकाउन्ट नोभिस अभिभावक निकुलिए । २. आफ्नु काम गर्न जाने मुलुकका गोरो नेपाली कुटनीतिक निकोलको कागजात ठेकान र भोल सम्बन्धन कागजात राख्नुपर्दछ । आफ्नु कोटिएमा यहाँ सम्पर्क गर्न सकिने हुन्छ । ३. राम विज्ञापन (कुनाका ठेकेदारको कागजात यहाँ यहाँ एक कम्पनीलाई नोभिएमा) । ४. विदेश जाने अघि अभिमुखीकरण का हुनुपर्दछ यसिका अभिभावक निकुलिए । ५. विदेश जानुअघि आफ्नुको मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र काम कसरी गर्नुपर्ने पोइन्टका सम्बन्धिका कागजात राख्नुपर्दछ । यसको १ तेक्र: प्रति आफ्नुको राख्नुपर्दछ । ६. कागजात विदेश जाँदा नेपालकै राजदूतावाट प्रमेश गराउनुपर्दछ । आफ्नो प्रतिनि कागजात हुन्छ । ७. राम विज्ञापन कागजात यस कोटी मुलुकलाई थाम राख्ने रोजगार प्रवृद्धन विभाग, काठमाण्डमा सम्पर्क राख्नुपर्दछ ।

MONTAGE OVERSEAS (P.) LTD.

Sinamangal-9, Kathmandu, Nepal, P.O. Box : No. 2349,
Tel : +977-1-4110744, 4110605, 4110537, 4110755,
Cell : 9841892804, 9801177733, ITHAR:- BIKRAM- 9808834335
JHAPA:- MUKESH-9849121470,DANG:- SHANKAR BOHARA:-9857831118
ITHAR:- RAJESH:-9852676056
Email : montage_krishna@yahoo.com, Web : www.montageoverseas.com

License No: 798/055/066

साउदी अरेबियामा रोजगार

१. कम्पनी : RAWAD AL-NAHDA TRADING CONTRACTING EST शहर : KSA

पूर्व स्वीकृत मिति : २०७२/९/८ चलानी नं. : ५१९६ LT. No. 145921

क्र.	कामदारको पद	म्याद संख्या पुरुष	महिला	मासिक तलब SR	हवाईभाडा नेपाल देखि	भीजा शुल्क नेपाल देखि	प्रोसिसिङ शुल्क नेपाल देखि	काम गन्तव्य	खाने खर्च	बस खर्च	बसाई खर्च
1	Ordinary Workers	01	1000	28,000	सम्बन्धित कम्पनी	कम्पनीको जिम्मा	८ घण्टा	६ दिन	छ	छ	[illegible]

